# दूर शिक्षा

# DISTANCE EDUCATION

विशेषाङ्क

२०६३

# दूर शिक्षा *विशेषाङ्क*

# Distance Education *Special Issue*


सल्लाह

अर्जुनबहादुर भण्डारी

बुनु श्रेष्ठ

सम्पादक

| | | |
|---|---|---|
| सुनीता मालाकार | कमला पोखरेल | तोया खनाल |
| नवीन कुमार सिंह | केशरमोहन भट्टराई | खुविराम अधिकारी |



नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०६३


प्रकाशक :
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर





(लेख रचनाहरूमा अभिव्यक्त गरिएका विचार लेखकहरूका निजी विचार हुन्)

आवरण पृष्ठ डिजाइन
- सुमन वज्राचार्य

टाइप सेटिङ तथा डिजाइन
- लक्ष्मी श्रेष्ठ

नेपाल सरकार

**प्रा. डा. मंगलसिद्धि मानन्धर**

शिक्षा तथा खेलकुद मन्त्री

निजी सचिवालय

केशरमहल, काठमाडौं ।

फोन नं. ४४११४९९

४४१४६९०

मिति:- २०६३/०२/१७

**विषय:-** **शुभकामना**

विगत वर्षमा जस्तै यसवर्ष पनि शैक्षिक जनशक्ति विकास केन्द्रले "**दूर शिक्षा विशेषाङ्क**" प्रकाशन गर्न लागेको खबरले मलाई खुशी लागेको छ ।

"**दूर शिक्षा विशेषाङ्क**" दूर शिक्षासम्बन्धी लेख, रचनाको संगालो हो । विज्ञान र प्रविधिको अहिलेको युगमा दूर शिक्षा पनि हासिल गर्ने शसक्त र प्रभावकारी पद्धति हो । विश्वभरमा आज धेरै मुलुकले यो पद्धति अँगालेका छन् । विद्यालय तहदेखि विश्वविद्यालय शिक्षासम्म यसको भूमिका उल्लेखनीय रहन्छ । हाम्रो जस्तो भौगोलिक विषमता भएको विकासोन्मुख मुलुकका लागि यो पद्धतिको आवश्यकता अझ बढी रहेको छ । अहिले विद्यालय तहको प्राथमिकदेखि माध्यमिक तहसम्मको शिक्षक तालिममा यसको प्रयोग भइरहेको छ भने दूर शिक्षा पद्धतिलाई शिक्षा हासिल गर्ने अभिन्न माध्यमका रुपमा प्रयोग गर्नु अहिलेको खाँचो देखिएको छ । यस विशेषाङ्कमा रहेका लेख, रचनाले दूर शिक्षाको प्रभावकारिता वृद्धि गर्ने र प्रयोगक्षेत्र विस्तार सम्बन्धमा यसका पाठकहरुलाई अध्ययन अध्यापन गर्न सहयोग पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यो विशेषाङ्क उपयोगी हुन सकोस्, आगामी वर्षमा यसको निरन्तरता रहोस् भन्दै पत्रिकासँग सम्बद्ध पक्षलाई हार्दिक धन्यवादसहित पत्रिकाको सफलताको लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

(प्रा.डा.मंगलसिद्धि मानन्धर)

**मन्त्री**

**शिक्षा तथा खेलकुद**

# शिक्षा तथा खेलकुद मन्त्रालय

अनुगमन तथा मूल्याङ्कन शाखा

वेवसाइट : www.moe.gov.np
फोन नं. ४४१२१९९
केशरमहल, काठमाडौं ।

पत्र सङ्ख्या :
च.नं.

मिति :–२०६३।०२।१६

## शुभकामना

विगत वर्षमा भैं शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा दूर शिक्षा प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ ।

हाम्रो जस्तो विकासोन्मुख तथा भौगोलिक विकटता भएको देशका लागि दूर शिक्षा पद्धतिलाई ज्यादै महत्वपूर्ण माध्यमका रुपमा स्वीकारिएको छ । यस पद्धतिको कार्यान्वयन हाम्रो देशमा विगतदेखि नै हुँदै आएको हो तथापि सूचना र सञ्चार प्रविधिको क्षेत्रमा भएको तीव्र विकाससँगै दूर शिक्षा पद्धतिको पनि विकास तथा विस्तार गर्नुपर्ने चुनौती हाम्रो सामु छ । यस चुनौतीको सामना गर्न शैक्षिक जनशक्ति विकास केन्द्र विगतमा भैं प्रयासरत रहनेछ भन्ने विश्वास लिएको छु ।

यस प्रकाशनमा समावेश भएका लेख-रचनाहरु विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाप्रेमी, अनुसन्धानकर्तालगायत सम्बन्धित सबैलाई उपयोगी हुनेछ भन्ने आशा गर्दै प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

रामसरोबर दुवे
निमित्त सचिव

# सम्पादकीय

वर्तमान विश्वमा दूर शिक्षाको महत्वपूर्ण भूमिका छ । प्राचीन इतिहासमा पनि दूर शिक्षा र खुला सिकाइको अवधारणा लागू भएको थियो । सर्वसाधारण जनतालाई शिक्षा प्रदान गरेर सामाजिक दायित्व पूरा गर्ने जिम्मेवारी सरकारले आफ्नो जिम्मामा लिएपछि शिक्षालाई औपचारिक र अनौपचारिक रूपमा विभाजन गरेर हेर्न थालियो । जनसङ्ख्याको वृद्धि र विस्तारका साथै विज्ञान र प्रविधिको विकासले गर्दा सन् १९६० को दसकपछि दूर शिक्षा/खुला सिकाइ पुन: अस्तित्वमा आउन थालेको कुरा हामी सबैले स्वीकार गर्नैपर्छ ।

आजको एकाइसौँ शताब्दी भनेको शिक्षा क्षेत्रमा दूर शिक्षा र खुला सिकाइको युग हो । दूर शिक्षा/खुला सिकाइको माध्यमबाट सरल र सहज ढङ्गबाट कम लागतमा सबैको घरदैलोमा शिक्षा उपलब्ध गराउन सकिन्छ ।

हाम्रो देश नेपालमा वि.सं. २०३७ मा संस्थागत रूपमा रेडियो शिक्षा शिक्षक तालिम आयोजनाको नामले दूर शिक्षा विकसित भएको पाइन्छ । दूर शिक्षा प्रणालीलाई हामीकहाँ तालिमका अतिरिक्त उच्च तहको शिक्षा हासिल गर्ने क्रममा उपयोगमा ल्याउने कार्यको शुरुवाट भएको छ ।

दूर शिक्षा विशेषाङ्क यस वर्ष पनि शैक्षिक जनशक्ति विकास केन्द्रबाट प्रकाशन हुन गइरहेको छ । यसमा दूर शिक्षासम्बन्धी लेखहरू मात्र समावेश गरिएका छन् । यस पत्रिकालाई प्रकाशन योग्य तुल्याउने कार्यमा सहयोग गर्ने सबै व्यक्तिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

वैशाख, २०६३

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

# विषयसूची

# दूर हेर्ने कि दूरबाट पनि हेर्ने ?

- डा. विद्यानाथ कोइराला*

## पढ्ने के र कसरी ?

हामीले टाढिन सिक्यौं । टाढिनै सिकायौं । शरीर नपढाएर किताब पढायौं । खाएको कुरा पढाएनौं । खानुपर्ने कुरा पढायौं । पुर्ख्यौंली इतिहास पढाएनौं राजाको इतिहास पढायौं । लडाइको इतिहास । विश्वयुद्धको इतिहास । पढाउने तरिकामा पनि त्यही बुद्धि लायौं । व्याख्या गर्ने रे ? प्रदर्शन गर्ने रे । तर कहिल्यै आफैलाई साध्यैनौं । मैले कसरी सिकें । मलाई के सजिलो भयो ? के अप्ठेरो भयो ? के गरे हुने थियो ? यसरी हामी टाढिन सिकाउँने विज्ञ बन्यौं । टाढिने विषयवस्तु दिने विज्ञ । गुणात्मक अनुसन्धानको भाषामा विषयगत (Subjective) नबनेकाहरू (Denzin of Lincoln, 2005) । मार्सल (सन् 2002) को शब्दमा मिसेल फुकोले बुझे झैं थरिथरिका विषयगत व्यक्तिवादिता (Subjective individuality) नचिन्नेहरू । कुन शक्ति सम्बन्ध (Power relation) मा बाँचेको व्यक्तिले के सिक्छ भनी नबुझेकाहरू । कसरी सिक्छ भनी नजान्नेहरू । अर्थात् व्यक्तिको बनौट नचिन्नेहरू । शक्ति सम्बन्धको बनौट (Micro-physics of power) नखोज्नेहरू । व्यक्तिको परिवारसँगको शक्ति सम्बन्धको बनौट । छिमेकीसँगको शक्तिसम्बन्धको बनौट । शिक्षकसँगको शक्तिसम्बन्धको बनौट । लिङ्गभेदले बनेको शक्ति सम्बन्ध जातिभेदले बनेको शक्ति सम्बन्ध । भाषिक भेदले बनेको शक्तिसम्बन्ध । क्षेत्रभेदले बनेको शक्तिसम्बन्ध, फुकेको शब्दमा भनाइ र शक्ति सम्बन्धको इतिहास (Epistoms) जोडिएको शक्ति सम्बन्ध । ज्ञानको पूरातात्विक अभिलेख (Archeology of knowledge) । ज्ञान बन्ने र रूपान्तरण हुने सामान्य व्यवस्था (General system of formation and transformation of knowledge ) मा व्यक्ति विशेषको सम्बन्ध ।

ज्ञानको पुस्तावली (Geneology) र स्व (Self) को सम्बन्धी यस अर्थमा हाम्रो टाढिने विषयवस्तु र शिक्षणकला (Pedagogy) ले फुकोले भनेझैं सचेत स्वतन्त्रताको अभ्यास (Conscious practice of freedom) दिएन । उनकै शब्दमा Reflection दिएन । यसरी मैले देखें - हाम्रो पढाइमा आफन्तीपन नै रहेन । स्व नै रहेन । शक्ति सम्बन्ध नै रहेन । प्रत्याभूति नै रहेन । त्यसैले दूर शिक्षा दूरकै शिक्षा भयो । दूर किताब । दूर अक्षर । दूर ज्ञान । दूर शिक्षण कला । दूर अभ्यास ।

## आफ्नैमा खोज्ने कि ?

मैले ब्रह्मपूराण खोजें । सुतजी र मुनिजीको कथा । त्यहाँ दूरबाट हेर्न खोजें । किताब पढ्ने दूर शिक्षणकला खोजें । ब्रह्म पूराणले भनिदियो (विजय, सन् १९९७, पृ. ५ ) जिज्ञाशु उत्तम पात्र हो । पढाउँनै पर्ने पात्र । सिकाउनै पर्ने पात्र । मुदगल ऋषिकी पत्नी भागिरथीको प्रश्न बोक्नेहरू । एकपटक विष्णुको

---

* प्राध्यापक, शि.शा.सं., त्रि.वि.वि

दर्शन पाउनेहरू धनी छन् । तर दिनहुँ दर्शन गर्ने हामी किन गरीब छौं भन्ने प्रश्न उही (पृ. ८९) जन्माउनेहरू । यो प्रश्नले पाउलो फ्रेरे (सन् १९७०) सम्झायो । मौनताको संस्कृति (Culture of silence) तोड्ने प्रश्न खोज्न सिकायो । डररिडा (सन्) को विनिर्माणवादी (Deconstructionist) सोच सिकायो । उल्टाई पल्टाई (Subversion) सोच सिकायो । कहीं ब्रह्मपुराणको जातवेदले सादृश्य (Analogical) प्रस्तुति पो सिकायो कि (पृ.७७) । भोवती र सुब्रतको कथाले पुर्वजन्म पो इंगित गऱ्यो कि (पृ. ८०) । विषय प्रवेश गर्दा ब्रम्हबाट शुरु गऱ्यो कि (पृष्ठ ६) । ब्रह्ममाया-महत -अहंकार-पंचमूल -नार (समुद्रको उत्पत्ति) पो सिकायो कि ? ब्रह्म सत्यबाट ज्ञानका स्रोत (Epistemology) खोज्ने व्यक्ति पो बनायो कि ? सोमले मरिसा नामक छोरी प्रचेतालाई दिएर विरोधीको क्रोध शान्त गरेजस्तो पो गऱ्यो कि (पृ. ८) यस्ता कि हरूले आफूले पढेका किताबलाई दूरबाट खोज्न सिकाउँछ । अमैथुनी सृष्टिबाट मैथुनी सृष्टिका जीव जन्मिए (पृ. ६) भन्दा विज्ञानसम्मत कि विज्ञानविमत बुद्धि हो भनी खोज्न । संज्ञा र तत्वको नाकबाट वीर्य लिएर अश्विनी कुमार जन्मेको कथा (पृ. ११) ले सन्तानोत्पादनको विज्ञानको विस्तार खोज्न । पृथ्वीका द्विपहरूको कथा (पृ. २७) ले भूगोलको पाठ खोजे । कश्यपको कडा बोलीले गर्भको शिशु खस्यो । त्यही बालक पछि मार्तण्डय ठहरियो (पृ.४४) भन्ने कथाले गर्भ विज्ञानको बेग खोज्न । गौतम ऋषिको बालकको अकाल मृत्युको कथा (पृ.५२) ले राज्य सञ्चालकबाट बालमृत्यु घटाउन गर्ने उपक्रम खोज्न । जोरबारमा गर्भाधान गरे छोरा जन्मन्छ र विजोर बारेमा गर्भाधान गरे छोरी जन्मन्छ (पृ.१३२) को ज्ञानले उत्पादन विज्ञान (Reproductive science) खोज्न । कामधेनुलाई पृथ्वी मानेर गौतम ऋषिले घुम्दा अहिल्या पाए (पृ.५८) भिन्न कथाले आधुनिकोत्तर (Post modern) सोचको "विश्व" (World view) खोज्न । इन्द्रले अहिल्यासँग यौनक्रिया गर्दा गौतम ऋषिले श्राप दिए परिणामत: इन्द्रको शरीरमा सहस्र योनी भए । तिनै योनीलाई ब्रह्माले सहस्र आँखा बनाइदिए । अनि इन्द्र सहस्रक्ष भएर (पृ.६०) भन्ने जानकारीले अर्थोतावादी (Interpretive) चिन्तन खोज्न । के हो । अर्थोतावाद भन्ने जानकारी लिन । कसरी हर्म्युनिटिकसले अर्थ खोज्यो भनी घोत्लिन । विपन्न कब्व र सम्पन्न गौतम ऋषिको असन्तुष्टि सन्तुष्टिको कहानी (पृ.७०) ले मार्कस र मार्क्सवादी दर्शन खोज्न । त्यही शान्तिको छनक खोज्न । मार्कण्डेयले बालकृष्णको चर्तिकला देखेर प्रार्थना गरेको (पृ. ५०) ले आफ्नो पहिचान (Identity) लाई वयोवृद्ध भए पनि ज्ञानवृद्धको अगाडि विलीन (Blur) हुन् ।

### खोजको क्षेत्र विस्तार गर्ने कि ?

ब्रह्ममा पुगेर हेर्ने (Visualize) पुर्खाले सोच बनाउन पश्चिमी पुर्खाभन्दा भिन्न हुन् । पूर्वीय पुर्खा यस अर्थमा द्रष्टा हुन् । सबै छ हेर भन्ने पुर्खा । सबै थियो बुझ भन्ने पुर्खा । सबै हुन्छ (Being) तर तिमी हुन्नौ भन्ने पुर्खा । भयौ भने पनि भिन्न हुन्छौ भन्ने पुर्खा । पश्चिमी पुर्खाले उही सिकाए । बनाएँ भन्ने अहं । पूर्वी पुर्खाले अहम् समाहित गराए (Blend of cosmic self to the individual self) । यसरी खोजका चारओटा बाटाहरू जन्मिए । द्रष्टा बन्ने बाटो । श्रष्टा बन्ने बाटो । द्रष्टाश्रष्टा एकसाथ बन्ने बाटो । श्रष्टा द्रष्टा एकसाथ बन्ने बाटो । पश्चिमी अर्थेतावादीहरूको शब्दमा पनि देखिने बाटो । हाइडेगर (सन् १९६७) को शब्दमा भएर खोज्ने (Being in the world) . समाजको अंग बनेर खोज्ने (Throwness

of the society) । गाडामेरले भनेझैं क्षितिजको विलय गरेर (Fusion of horizon) गरेर खोज्ने । रिकोयुर (Ricoeur) ले भनेझैं कल्पित दुनियाँमा पुगेर (Being in the proposed world) खोज्ने । हुसरैलले सोचे झैं आफूलाई कोष्ठीकरण (Reduced bracketing or epoche) गरेर खोज्ने । वक्तेतावादी (Narrator) ले बुझेझैं स-साना बक्तेता (Narratives) बाट ठूला सिद्धान्त बुझ्ने । आ-आफ्नै कथा, व्यथा र अनुभवबाट मूलधारको ज्ञान बुझ्ने । मुन्धुमी पुर्खाको माङलिङमा र सिक्कुम निङमा हुनु तथा वैद्धिक पुर्खाको ब्रह्मज्ञान हुनु एउटै रहेछ भनी बुझ्ने । ऐतरेयोपनिषद (३/३ ऋग्वेद) र माण्डोग्य पनिषद (२ अर्थर्वेद) ले क्रमश: प्रज्ञानं ब्रह्म र अयमात्मा ब्रह्म भनेको एकै हो भनी ठम्याउने (योगी, २०६२) । यस्ता खोजहरूले हामीलाई वोद्यू (सन् १९९२) ले भनेको अवस्थिति (Habitus ) खोज्न लगाउँछ । ग्राम्सीले भन्ने गरेको छद्मभेषी विज्ञ (Hegemony) चिनाउँछ । आफ्नै अवस्थितिबाट दूर ज्ञान खोज्न लगाउँछ । दूरज्ञानबाट आफ्नो अवस्थिति चिन्न लगाउँछ ।

## जिज्ञाशु बन्ने कि सन्तुष्ट हुने ?

ब्रह्मपुराणले जिज्ञाशुलाई सुपात्र ठान्यो । शिष्य (Diceple) खोजेन । पत्याइदिने व्यक्ति अन्तुषिकी खोज्यो । प्रश्न गर्ने व्यक्ति, जिज्ञाशा राख्ने व्यक्ति । हामी के बन्ने ? सन्तुष्ट बनेर टुंगिने कि जिज्ञाशु बनेर झ्याङ्गिने ? दूर शिक्षाले टुंगिने विद्यार्थी खोजेन । भक्षांगिने अन्वुषिकी खोज्यो । स्वर्ग र नरक भन्नु वाइयात हो भन्ने विद्यार्थी खोजेन । अधोन्मुखता नरक हो र उभोन्मुखता स्वर्ग हो भन्ने ब्रह्मपूराणीय चिन्तनवाला (विनय, सन् १९९७ पृ.२६) विद्यार्थी खोज्यो । फुकोको शब्दावलीमा पुर्ख्यौली जान्ने पुर्ख्यौली ज्ञानसँग वैज्ञानिक भनिने पश्चिमी ज्ञानसँग नाता खोज्ने डेरिडाको शब्दमा भिन्नता (Difference) पनि बुझ्ने र विभिन्नता (Difference) पनि बुझ्ने विद्यार्थी खोज्यो । यो खोजले जीवनभर सिक्ने विद्यार्थी खोज्यो । ब्रह्मपूराणकै शब्दमा ब्रह्म नदेखेसम्म खोज्ने । ज्ञानको भित्तो । ज्ञानको स्रोत (Epistemology of knowledge) । यो खोजले घर्से बुद्धि (Liner wisdom) लाई अधुरो ठान्यो । एकांगी । वहुपक्षीय ज्ञान खोज्यो । एउटै वस्तुलाई विविध दृष्टिबाट हेर्ने आँखा खोज्यो । मेरो आँखामा ब्रह्म । पश्चिमी आँखामा ब्रह्म । आमाको आँखामा ब्रह्म । बुवाको आँखामा ब्रह्म । ब्रह्म ठगी हो भन्ने हाम्रो आँखामा ब्रह्म । खै जान्दिन तर जिज्ञाशु छु भन्नेको आँखामा ब्रह्म ।

## निचोड के ?

मेरो लेखको पहिलो निचोड हो ज्ञानका स्रोतहरू अनन्त छन् । ब्रह्मपुराणनै ब्रह्मस्रोत हो । ब्रह्मविद्हरू स्रोत हुन्, वक्तेताहरू स्रोत हुन् । आख्यानहरू स्रोत हुन् , अनुभूति स्रोत हो । ब्रह्मकपा (Revelation) स्रोत हो । वर्तमान, भूत र भविष्यको अवस्थिति (Being) स्रोत हो । दोस्रो निचोड हो ती स्रोतसम्म पुग्ने ज्ञानमार्ग (Oritologies) अनन्त छन् । किताब पढ्नु एउटा मार्ग हो । फुकोको शब्दमा मरेको मार्ग । विगतको अनुभूतिको मार्ग । वर्तमान र भविष्यमा नमिल्न पनि सक्ने मार्ग । त्यसैले दूर शिक्षाले अनेकन ज्ञानमार्गको संगमी ज्ञान खोज्छ । लेखकहरू यहाँ मिल्छन् र यहाँ मिलिन्छन् भन्ने ज्ञान । लेखक हो यो कुरा देखेनन् भनी खुच्याउँने मार्क्सीय ज्ञान । जनज्ञान जोडे वा जोडेनन् भनी खोतल्ने जनपक्षीय ज्ञान । मार्क्सकै शब्दमा

दमितहरूको ज्ञान । मान्यता नदिइएकाहरूको ज्ञान । वैज्ञानिक शब्दावलीमा प्रामाणिक ज्ञान, ल्याब प्रामाणिक । तर्क प्रामाणिक । समाज प्रामाणिक । बुझ्ने शब्दावलीमा वस्तुगत एवम् विषयगत प्रमाणहरू मिलेर बनेको ज्ञान । तेस्रो निचोड हो ज्ञान सकार्ने तर कुन पक्षको ज्ञान हो भनी खोज्ने । यो खोजले ज्ञानका तहहरू चिनाउँछ । को कुन ज्ञानको तहमा रहेछ भन्ने जानकारी दिन्छ । ह्म्यूनिटिक्सको तही ज्ञान जस्तो । प्रजालाई आततायी र निरंकुशताबाद बनाउँन मुनिहरूले बेनको हात मथेजस्तो (विनय, सन् १९९७ पृ.७) । बेनको हात मथेको मात्रै देख्ने ज्ञान । मुनिहरूको भूमिका खोज्ने ज्ञान । राष्ट्राध्यक्षको जिम्मेवारी मरेपछि पनि छुट्दैन भन्ने ज्ञान । संरक्षक र संरक्षितबीचको शक्ति सम्बध खोज्ने ज्ञान । आततायी र निरंकुशहरूको पहुँच तथा जनअसरबीचको ज्ञान । बेनलाई ऐतिहासिक मान्ने ज्ञान । बेन काल्पनिक हो भन्ने ज्ञान । बेन लाक्षणिक हो भन्ने ज्ञान । यसरी प्रत्येक धारले आर्जेको ज्ञानलाई परीक्षण गरेर मात्रै पत्याउ भन्ने माओवादी ज्ञान । चौथो निचोड हो बस्तुलाई नजिकबाट हेर्रौं । आफ्नै अनुभूतिले हेर्रौं । आफ्नाहरूको अनुभूतिबाट हेर्रौं । ऐतिहासिक तथ्यबाट हेर्रौं । राजनीतिक शक्ति सम्बन्धबाट हेर्रौं । कितावी प्रमाणबाट हेर्रौं । आफ्नै समाजिक, आर्थिक, सांस्कृतिक सम्मानबाट हेर्रौं । पश्चिमी आँखाबाट हेर्रौं । यस अर्थमा दूरबाट पनि हेर्रौं । नजिकबाट पनि हेर्रौं । नजिक दूर गरेर हेर्रौं । दूर - नजिक गरेर हेर्रौं । यी हेराइहरूबाट खारिएको ज्ञानलाई मात्रै दूर शिक्षाको ज्ञान मानौं ।

## सन्दर्भसामग्री


विनय (सन् १९९७): ब्रह्मपूराण नयाँ दिल्ली, डाइमण्ड पाकेट बुक्स ।

Marshall, J.D (2002): Michel Foucoult: Liberation freedom and education. In Educational Philosophy and Theory vol. 34, No.4, Carfax publishing.

Denzin of Lincholm (2005): Qualitative research. Bourdiew, P. (1972) The Logic of Practice. The polity press.

# दूर शिक्षा तालिम अनुगमनमा लैङ्गिक समानताका प्रश्नहरू

- डा. सुशन आचार्य*

"शिक्षणसिकाइ सामाजिक र राजनैतिक परिवेशमा हुन्छ " (UNESCO, 2004) । यो भनाइ शिक्षाको गुणस्तरमा केन्द्रित भई तयार गरिएको सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन सन् २००५ बाट लिइएको हो । सामाजिक र राजनैतिक परिवेश भन्ने वाक्याङ्शभित्र शिक्षणसिकाइमा संलग्न अन्य तत्वबाहेक शिक्षक र विद्यार्थीहरू पनि पर्छन् । तसर्थ शिक्षणसिकाइ प्रक्रियाको कुरा गर्दा को र कस्तो शिक्षक ? को र कस्ता विद्यार्थी ? भन्ने प्रश्नहरू स्वत: उब्जन्छन् । लैङ्गिक दृष्टिकोणमा अझ स्पष्टसँग भन्ने हो भने शिक्षणमा संलग्न व्यक्ति महिला हो वा पुरुष ? सिकाइमा संलग्न व्यक्ति महिला हो वा पुरुष ? सामाजिक र राजनैतिक परिवेशभित्र हुने शिक्षणसिकाइ कार्यमा संलग्न व्यक्तिको सामाजिक लिङ्ग (Gender) ले उसको सहभागिता, लगानी, अवसर तथा उपलब्धि जस्ता चारओटै पक्षलाई प्रभाव पार्छ । यहि तथ्यलाई स्वीकार्दै सबैका लागि शिक्षा कार्यक्रमले शिक्षामा लैङ्गिक समानताको लेखाजोखा गर्न एउटा खाका तयार गरेको छ । उक्त लैङ्गिक समानताको खाकाचाहिँ मानवअधिकारमा आधारित छ (UNESCO, 2004)। उक्त खाकाले औपचारिक शिक्षाभित्र आउनु पर्ने, आइसकेका र औपचारिक शिक्षा पूरा गरेर बाहिर निस्केका सम्पूर्ण महिला तथा पुरुषको स्तर एवम् अवस्था हेर्ने सूचकहरू प्रस्तुत गरेको छ । (आचार्य, २०६२) । सबैका लागि शिक्षा कार्यक्रमको बाहक राष्ट्र हुनाले नेपालले यही खाकाअनुरूप आफ्ना सम्पूर्ण कार्यक्रम तथा अनुगमन प्रक्रियाहरू अघि बढाउनुपर्ने हुन्छ । नेपालले पनि शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने लक्षप्रति प्रतिबद्धता जाहेरगरेबाट पनि यो अपेक्षा गर्न सकिन्छ । यही सन्दर्भमा प्राथमिक तहको दूर शिक्षा शिक्षक तालिम कार्यक्रम अनुगमन प्रक्रियालाई विश्लेषण गर्दा कस्तो देखिन्छ त ? यो लेखमा यही प्रश्नको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

दूर शिक्षाअन्तर्गतको तालिमका तीन प्रमुख क्षेत्रहरू स्वाध्ययन सामग्री, रेडियो प्रसारण र सम्पर्क सत्र हुन् । अनुगमनका क्रममा शिक्षक सहभागीहरूको शिक्षण पनि अवलोकन गरिन्छ । अनुगमन प्रक्रियाले विविध पक्षहरूबाट तीनओटै क्षेत्रहरूबारे जानकारी लिने चेष्टा गरेको पाइन्छ (NCED, 2005)। शैक्षिक जनशक्ति विकास केन्द्रले नियमित रूपमा गर्ने आफ्ना तालिमहरूको अनुगमन एक तहमा तालिमकै गुणस्तर सुनिश्चित गर्नका लागि तालिम प्रक्रियामा नै केन्द्रित गरेको हुन्छ । अर्को तहमा तालिमको उपयोगमा, अर्थात्, तालिम प्राप्त शिक्षकहरूको शैक्षणिक व्यवहार (Instructional performance) मा आएको परिवर्तनमा केन्द्रित हुन्छ । यो अनुगमनमा आफूले अनुगमनमा गुणात्मक प्रक्रिया (Approaches) अपनाएको दावी गरिएको छ (NCED, 2005) । अनुगमनको खाकाले पनि तालिमको गुणस्तरदेखि शिक्षणसिकाइको गुणस्तरसम्म समेट्न खोजेको देखिन्छ । तसर्थ यो खाकाले शिक्षक शिक्षिका र छात्र

*उप-प्राध्यापक, शि.शा.सं., त्रि.वि.वि.

छात्राको विविध पक्षहरू समेट्न खोजेको छ भन्न सकिन्छ । अर्थात् शिक्षणसिकाइको सामाजिक र राजनैतिक परिवेश यो खाकामा समाहित छ । लैङ्गिक सवाल पनि यिनै सामाजिक एवम् राजनैतिक परिवेशसँग सम्बद्ध पक्ष हो ।

## लैङ्गिक विश्लेषण

लैङ्गिक दृष्टिकोणबाट अनुगमन प्रक्रिया र प्रतिफल विश्लेषण गर्ने क्रममा दूरशिक्षामार्फत् प्राथमिक तहमा कार्यरत शिक्षक शिक्षिका तालिमको अनुगमनको प्रतिवेदनबाट केही उदाहरणहरू लिइएका छन् । यी उदाहरणहरूले देखाउँछन् कि शैक्षिक जनशक्ति विकास केन्द्र लैङ्गिक हिसाबले संवेदनशील पक्षहरूप्रति उदासिन छ । यही उदासिनता वा लैङ्गिक अन्धोपनाको[1] कारण हो अनुगमनबाट प्राप्त सम्पूर्ण जानकारीलाई सङ्ख्यामा मात्र सीमित गरिएको छ । ती सङ्ख्यालाई लैङ्गिक हिसाबले छुट्याइएको छैन । जस्तै रेडियो प्रसारणको समय उपयुक्त र पर्याप्त छ/छैन भन्ने प्रश्नको जवाफलाई शिक्षक तथा शिक्षिकाको दैनिकीले निर्देशित गर्छ । घर परिवारमा शिक्षक तथा शिक्षिकाको भूमिका भिन्न भिन्न हुन सक्ने प्रबल सम्भावना हुन्छ । यो अवस्थामा ती दुईमध्ये रेडियो प्रसारणको समय कसलाई बढी उपयुक्त र पर्याप्त भयो ? कसलाई भएन त ? भन्ने प्रश्न शिक्षक तालिमकर्ताको निम्ति महत्त्वपूर्ण हुन्छ । यही पक्षसँग गाँसिएको अर्को प्रश्न छ - कतिजनाले रेडियो प्रसारण पूरै सुन्छन् ? र कतिजनाले केही मात्रामा मात्र सुन्छन् ? यो प्रश्न पनि लैङ्गिक दृष्टिकोणबाट महत्त्वपूर्ण छ । यी उदाहरणहरूबाट स्पष्ट हुन्छ कि यी प्रश्नहरूको जवाफलाई लैङ्गिक हिसाबमा छुट्याएरै हेर्नुपर्ने हुन्छ । त्यस्तै रेडियो कार्यक्रमको सबल पक्ष भनेको यसले शिक्षणलाई वियोल्दैन किनकि यो घरमै लिइने तालिम हो (NCED, 2005) भन्ने भनाइ पनि लैङ्गिक असंवेदनशीलताको अर्को उदाहरण हो । यो दृष्टिकोणले समाज र घर परिवारमा विद्यमान महिलाको भूमिका तथा जिम्मेवारीलाई उपेक्षा गर्छ । रेडियो सुन्न घरमा कस्को कति फुर्सद हुन्छ ? वा घर परिवारमा रेडियो सुन्न कस्का निम्ति सहज हुन्छ ? भन्ने प्रश्नको उत्तरले पनि तालिमको उपादेयता साथै शिक्षण पेशामा महिला वा पुरुष हुनुको अर्थ खुलाउँदछ । त्यस्तै रेडियो प्रसारणको समय उपयुक्त छैन भन्नेको सङ्ख्या धेरै हुनु एवम् पूरै कार्यक्रम सुन्नेको सङ्ख्या पनि कम हुनुले अनुगमनमा लैङ्गिक दृष्टिकोणको अपरिहार्यतालाई इँगित गर्दछ । रेडियोमा पहुँच र नियन्त्रण कस्को छ ? भन्ने प्रश्न त अझ छलफलको अर्को विषय नै बन्न सक्छ । घर परिवारभित्र गएर खोज्नु पर्ने यो प्रश्नको जवाफले दूरशिक्षामार्फतै पहुँचबारे महत्त्वपूर्ण जानकारी दिन्छ । सोही जानकारी नै शिक्षामा लैङ्गिक समानता र गुणस्तर कायम गर्न उपयोगी हुन्छ ।

शिक्षक शिक्षिकाको लैङ्गिक अवधारणा, तथा सोबाट निर्देशित व्यवहारले उनीहरूको शिक्षण तथा छात्र छात्राहरूको सिकाइलाई सकारात्मक एवम् नकारात्मक दुवैखाले असर पार्छ । तसर्थ शिक्षक र शिक्षिकामध्ये

---

[1] *महिला र पुरुषको आवश्यकतालाई छुट्टाछुट्टै सम्बोधन गर्न नसक्ने एवम् उनीहरूलाई छुट्टाछुट्टै प्रतिनिधित्व गर्न नसक्ने खाले शब्द, शब्दावली वा भावको प्रयोग । यस्तो प्रयोगले महिला र पुरुषबीचको भिन्नता र सो भिन्नताले उनीहरूको जीवनमाथार्ने भिन्न भिन्न असरलाई बेवास्ता गरेको जनाउँछ (आचार्य, २०६२) ।*

कक्षाकोठामा कस्ले के गऱ्यो ? र किन ? भन्ने जस्ता गुणात्मक तथ्य पत्ता नलगाई गरिएको अनुगमन प्रक्रियाले कस्लाई केमा सहयोग वा तालिम चाहिएको रहेछ भन्ने जानकारी कसरी दिन सक्छ त ? अनुभव तथा अध्ययनले भन्न सकिदैन । यो स्थितिमा लैङ्गिक दृष्टिकोण अपेक्षित यस्ता जानकारीहरू विना तालिमको गुणस्तर, उपादेयता, उपयुक्तता र शिक्षाको गुणस्तर सुनिश्चित गर्न प्रायः असम्भव नै हुन्छ । गुणात्मक प्रक्रियाले प्रायः माथिका प्रश्नहरूको उत्तर खोज्छ, अर्थात्, सामाजिक र राजनैतिक परिवेशबारे जानकारी बटुल्छ र व्याख्या गर्दछ । तर यहाँ अनुगमन प्रक्रियामा साँच्चै नै "गुणात्मक प्रक्रिया" प्रयोग गरियो त ? भन्ने प्रश्न भने उब्जिरहन्छ ।

शिक्षिकाको सङ्ख्या बढाउन विशेष महिताहरूलाई नै लक्षित गरी तालिम सुविधा प्रदान गर्ने शैक्षिक जनशक्ति विकास केन्द्रको निर्णय र समाहित शिक्षा लागू गर्ने शिक्षा प्रणालीको निर्णयले अनुगमनमा समेत पनि लैङ्गिक दृष्टिकोण समावेश गर्नुपर्ने तथ्यलाई इंगित गर्दछ । गहिरिएर भन्दा "गुणस्तरलाई समताको ऐनामा राखेर जाँच्नु पर्छ । लैङ्गिक दृष्टिमा असमान र कुनै समूह/जातजाति, सांस्कृतिक समूहप्रति भेदभाव पूर्ण शैक्षिक प्रणालीको गुणस्तर उच्च मानिदैन" (UNECO, 2004, p.35) । यो परिवेशमा शिक्षामा गुणस्तर सुनिश्चित गर्ने वैचारिक खाकाबाट परिचालित अनुगमन प्रक्रियाले लैङ्गिक अन्धोपन देखाउनु विडम्बना हुनजान्छ ।

यदि शिक्षामा लैङ्गिक समानता स्थापित गर्न वा सबैका लागि शिक्षाको लक्ष्य नं. ५ प्राप्त गर्न नेपालको शिक्षा प्रणाली कटिबद्ध छ भने शिक्षक तालिमको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा लैङ्गिक समानताका सूचक निश्चित रूपमा समावेश गरिनुपर्छ । सबैका लागि शिक्षाको सन् २००८ मा हुने दशकार्ध (Mid-decade) मूल्याङ्कनप्रतिको जवाफदेहितालाई समेत दृष्टिगत गर्दै लैङ्गिक दृष्टिकोणलाई हरेक कार्यक्रम र अनुगमनमा मूलप्रवाहीकरण गर्नुपर्छ ।

## निचोड

महिला तथा पुरुषको जीवनशैली, अवसरमाथिको पहुँच र निर्णय गर्ने शक्तिबीच भिन्नता हुन्छ भन्ने तथ्य सर्वविदितै छ । विकासोन्मुख मुलुकमा यी भिन्नता धेरैजसो पुरुषको पक्षमा सकारात्मक हुन्छन् । अर्थात्, पुरुषको जीवनशैली महिलाको भन्दा सामाजिक एवम् सांस्कृतिक हिसाबमा सहज हुन्छ । उनीहरूको पहुँच उच्च हुन्छ र निर्णय शक्ति पनि उनीहरूकै बढी हुन्छ । यो अवस्था शिक्षक शिक्षिकाको हकमा पनि लागू हुन्छ । जसरी छात्रछात्राहरू विविध परिवेशबाट आएका हुन्छन् त्यस्तै गरी शिक्षक र शिक्षिका पनि भिन्न भिन्न सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेश र अनुभवबाट आएका हुन्छन् । उनीहरूको जीवनको अनुभव, जिम्मेवारी र बहन गर्नु पर्ने भूमिका पनि भिन्न भिन्न हुनु स्वभाविक हो । तसर्थ कुनै पनि कार्यक्रम वा अनुगमनले उनीहरूलाई एउटै टोकरीमा राखेर कार्यक्रम तय गर्नु वा निष्कर्ष निकाल्नु भनेको बास्तविकताको आंशिक पक्षलाई मात्र अंगाल्नु हो । तर दूरशिक्षा तालिमको अनुगमनको विश्लेषणले यही नै देखाउँछ । अर्थात्, शिक्षामा लैङ्गिक समानता स्थापना गर्ने जिम्मा सबैका लागि शिक्षाको लक्ष्य नं. ५ सँग सम्बन्धित कार्ययोजनाको मात्र हो भन्ने शिक्षा प्रणालीभित्रको विद्यमान अवधारणालाई पुष्टि गर्छ । यस

अर्थमा लैङ्गिक सवाल वा विषय Cross cutting विषय हो भन्ने कुरा शिक्षा प्रणालीले अझै पनि नबुझेको आभाष दिन्छ । अझ स्पष्टसँग भन्ने हो भने लैङ्गिक दृष्टिकोणबाट तटस्थ बस्तु लैङ्गिक हिसाबमा न्याय दिनु होइन बरु लैङ्गिक अन्धोपना हो भन्ने कुरा शिक्षाकर्मीहरूबीच अझै प्रष्ट नभइसकेका अवस्था देखिन्छ । एकातिर समाजमा विद्यमान लैङ्गिक असमानताले गर्दा महिला तथा बालिकाहरूको शिक्षामा सहभागिता कम छ भनेर स्वीकार्नु अर्कोतर्फ लैङ्गिक हिसाबले संवेदनशील परिवेशहरूताई वेवास्ता गर्दै निष्कर्षहरू निकाल्नु शिक्षा प्रणालीभित्रको विरोधाभाषपूर्ण व्यवहार हो भन्ने तथ्य पनि टड्कारो देखिन्छ ।

## सन्दर्भसामग्री


आचार्य, सुशन (२०६२): सबैका लागि शिक्षा र लैङ्गिक समानताको सवाल ("महिला शिक्षा" बार्षिक प्रकाशनमा प्रकाशित हुने क्रममा) ।

NCED, (2005): Monitoring Report of Teacher Training Programmes. Sanothimi: Author.

UNESCO, (2004): Education for All: The Quality Imperative. EFA Global Monitoring Report, 2006 (Summary). Paris: Author.

# दूरशिक्षा र भाषाशिक्षण

- रमेश भट्टराई*

## १. विषय परिचय

सूचना प्रविधिमा भएको द्रुततर विकासले भाषा शिक्षणको प्रचलित पद्धतिमा निरन्तर परिवर्तन देखिएको छ । प्रचलित पद्धतिको भाषाशिक्षण निश्चित समय, स्थानमा विद्यार्थी र शिक्षकको प्रत्यक्ष उपस्थितिमा सम्पन्न हुन्छ । शिक्षणको यस पद्धतिका विकल्पमा पछिल्ला दशकहरूमा दूर सिकाइ पद्धतिको व्यापक विस्तार भएको छ । भाषाशिक्षणको यस पद्धतिले शिक्षार्थीहरूले घरमै वा कार्यस्थलमा सहज रूपमा भाषा सिक्ने अवसर प्राप्त गरेका छन् । यसका लागि पाठ्यक्रम निर्माण, शिक्षक तालिम तथा प्रविधि प्रयोग तालिमजस्ता कार्यक्रम सञ्चालन गरिएका छन् र यस्तो सिकाइलाई कसरी शिक्षार्थीकेन्द्रीत बनाउन सकिन्छ भन्ने बारेमा अध्ययन अनुसन्धान पनि भएका छन् ।

भाषाको सिकाइ अन्य सिकाइजस्तै जीवनपर्यन्त सिकाइ (Lifelong learning) हो । सामाजिक कार्य र आर्थिक उपार्जनका लागि मानिसलाई भाषिक ज्ञान आवश्यक पर्छ । अंग्रेजी भाषामा दक्ष नेपाली डाक्टरलाई नेपाली भाषाको ज्ञान आवश्यक पर्छ भने खाडी मुलुकमा गएर काम गर्ने नेपालीलाई अंग्रेजी र अरबीको ज्ञानले काम पाउन र जीवनयापन गर्न सजिलो पर्छ । त्यसैले कक्षाकोठामा आफ्नो भाषिक क्षमता अभिवृद्धि गर्न मात्र होइन आफ्नो कार्य क्षेत्र, अनुसन्धान, ज्ञान आर्जन लगायतका विविध क्षेत्रमा भाषा सिकाइको जरुरत पर्दछ । यस्तो अवस्थामा विविध प्रविधिको प्रयोग गरी भाषाशिक्षण गर्ने कार्यमा दूर सिकाइ पद्धति अत्यन्त उपयोगी पाइएको छ ।

## २. दूरभाषिक सिकाइ पाठ्यक्रमको निर्माण

दूरशिक्षाका आधारमा निर्माण गरिने भाषाशिक्षणका पाठ्यक्रमका विविध रूप पाइएका छन् । यस्ता पाठ्यक्रम परम्परागत मुद्रणमा आधारित पत्राचारमूलकदेखि अन्तर्क्रियाका लागि अनलाइनको प्रयोग, शिक्षार्थी र शिक्षकबीच आपसी पृष्ठपोषण, सहयोग तथा शिक्षार्थी शिक्षार्थीबीच अनलाइन छलफल आदिसम्म विस्तारित छन् । यस्ता पाठ्यक्रममा सिकाइ वातावरण, पाठ्यक्रमको हस्तान्तरण विधि, शिक्षकको भूमिका, शिक्षार्थीका लागि आवश्यक विषयवस्तु, सहयोगका स्रोतहरूको उल्लेख गरिएको पाइन्छ । यसबाहेक, पाठ्यक्रम निर्माण गर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याएको पाइन्छ ।

---

*उप-प्राध्यापक, शि.शा.सं., त्रि.वि.वि

- शिक्षार्थीको जनसाङ्ख्यिक वितरणको ज्ञान (भौगोलिक, वितरण, मातृभाषा, उमेर, लिङ्ग आदि)
- शिक्षार्थीका आवश्यकता र उद्देश्यहरूको पहिचान
- दूर शिक्षाका शिक्षार्थीहरूले विशेषत: कस्तो विधि, पद्धति र कार्यमा बढी रुचि राख्छन् भन्ने कुराको पहिचान
- शिक्षार्थीका विशेषता र अपेक्षाहरूको निर्धारण प्रविधिको पहुँच (कम्प्यूटर, इन्टरनेट आदि)
- सिक्ने भाषाको पहुँच (भाषिक समुदाय, भाषा शिक्षक आदि)
- शिक्षार्थी दूर सिकाइका भिन्न पक्ष र सन्दर्भसँग कतिको परिचित र जानकार छ भन्ने कुराको ज्ञान उदाहरणका लागि अनलाइन छलफल, च्याट आदिको ज्ञान ।
- आकर्षक र रुचिपूर्ण
- विद्यार्थीकेन्द्रीत आदि

पाठ्यक्रम निर्माण गर्दा उच्च प्रविधि र निम्न प्रविधि (Hi-tech and low-tech) दुवैको प्रयोग गर्न सकिने, मुद्रित सामग्री, पत्राचार लगायतका सामग्रीको समेत प्रयोग गर्ने किसिमले निर्माण गर्नुपर्दछ । यसले शिक्षार्थीले आफ्नो रुचि, समय र अवस्थाअनुसार सामग्रीको प्रयोग गरी सिकाइ कार्य अघि बढाउने अवसर प्रदान गर्दछ । यसबाहेक सबै सीपहरूलाई कसरी संयोजन गर्ने भन्ने विषयमा पनि विशेष ख्याल पुऱ्याउनु पर्दछ । उदाहरणका लागि

- लेखाइ क्रियाकलापका लागि : इमेल, पत्राचार, फ्याक्स आदि
- निश्चित समयमा सम्पन्न गरिने पढाइ र लेखाइ अभ्यासका लागि : च्याट
- व्याकरण अभ्यासका लागि : कार्यपुस्तिका, कम्प्युटर
- सुनाइ र बोलाइ अभ्यासका लागि : टेप, सी.डी, फोन आदि
- पढाइ अभ्यासका लागि : स्रोत सामग्री र सन्दर्भ सामग्रीहरू पाठ्यक्रममा सबै सीपलाई उच्च प्रविधि वा निम्न प्रविधिमा मात्र केन्द्रित नगरी तिनीहरूलाई संयोजित गर्नु आवश्यक हुन्छ जस्तै : इमेल, इन्टरनेटलाई क्यासेट टेप र कार्यपुस्तिकासँग संयोजन गरी सुनाइ बोध क्रियाकलाप गराउन सकिन्छ । यसबाहेक पाठ्यक्रम व्यक्ति विशेष वा समूह विशेष दुवैले सजिलै प्रयोग गर्नसक्ने प्रकृतिको हुनुपर्छ र त्यसैअनुसार सामग्रीहरू पनि निर्माण गरिनु पर्दछ । यसले गर्दा शिक्षार्थीले व्यक्तिगत रूपमा मात्र नभई समूहगत रूपमा पनि छलफल, अन्तर्क्रिया र अन्य कार्य गरी सिकाइ सम्पन्न गर्ने अवसर प्राप्त गर्दछ ।

## ३. दूर अवधारणाहरू

### ३.१ अनलाइन सिकाइ (Online learning) सिकाइ र शिक्षणमा इन्टरनेट प्रविधिको प्रयोग गरिने पद्धतिलाई अनलाइन सिकाइ भनिन्छ । यस पद्धतिमा शिक्षार्थीले इन्टरनेटबाट सूचना, पाठ्यक्रम र पाठ्यविषय मात्र प्राप्त गर्ने नभई अन्य अनलाइन सहभागी तथा शिक्षकसँग अन्तर्क्रिया एवम् सहभागीमूलक कार्य गर्ने अवसर पनि प्राप्त गर्दछ । यस्तो प्रविधिमा पाठ्याङ्श हस्तान्तरण अन्तर्क्रियामूलक र सहयोगी र प्रकार्यात्मक हुन्छ । यसमा भाषाशिक्षकले विविध अनलाइन सामग्रीमार्फत् सिकाइ वातावरणलाई जीवन्तता प्रदान गर्दछन् ।

क्यानाडाको अबलेटा विश्वविद्यालयले सन्चालन गरेको अनलाइन भाषाशिक्षण कार्यक्रम निकै प्रभावकारी रहेको छ भने अन्य देशमा साइबर विद्यालयहरूले अनलाइन सिकाइका माध्यमबाट भाषा शिक्षण कार्यक्रम सम्पन्न गरेका छन् । भाषाशिक्षणको यस प्रक्रियामा आधारभूत भाषा (Basic language) विशिष्ट उद्देश्यका लागि सिकाइने भाषा (Language for specific purposes) माध्यमिक तह (Intermediate level) तथा माथिल्लो तह (Advanced level) सम्मका पाठ्यक्रमहरू समावेश छन् ।

अनलाइन सिकाइ भाषा शिक्षणको उच्च प्रविधियुक्त शिक्षण हो । यो अवधारणा समस्यामुक्त भने रहेको पाइन्न । कम्प्युटरसम्बन्धी उच्च ज्ञानविना यो शिक्षणसिकाइ असम्भव छ । त्यसैले यसमा सर्वप्रथम कम्प्युटरको पूर्णज्ञान आवश्यक हुन्छ । कम्प्युटरको पूर्णज्ञान नहुँदा शिक्षार्थीमा भाषाशिक्षणप्रति वितृष्णा उत्पन्न हुने डर हुन्छ । त्यसै गरी उत्प्रेरणा (Motivation) र समय (Time) पक्ष पनि यसका समस्याहरू हुन् । उत्प्रेरणाविना विद्यार्थीको तहगत उपलब्धि सम्भव हुँदैन भने सबै शिक्षार्थीको समय नमिल्नाले पनि सिकाइमा समस्या उत्पन्न हुन्छ ।

### ३.२ वितरित सिकाइ (Distributed learning)

उत्तर अमेरिकामा वितरित भाषिक सिकाइ अत्यधिक प्रचलनमा रहेको छ । यो भाषा सिकाइको मिश्रित पद्धति हो । यसमा सिकाइका माध्यमबाट सहभागीहरूलाई भाषाशिक्षणको अवसर प्रदान गरिन्छ । अनलाइन छलफल र अन्तर्क्रियादेखि मुद्रित सामग्रीको समेत प्रयोग गरी भाषाशिक्षण गर्ने यस विधिमा शिक्षार्थीले सबै प्रकारका सामग्रीहरूको प्रयोग गर्ने अवसर पाउँछ । यसमा समय समयमा सम्मेलन (Conference) कक्षाहरूको पनि व्यवस्था गरिएको हुन्छ । इटालेली भाषा शिक्षणका क्रममा यस पद्धतिको पहिलो परीक्षण गरिएको थियो । यसमा एउटै पाठ्यक्रमलाई प्रत्यक्ष विधि (Face-to-face method) र दूर शिक्षा पद्धतिमा शिक्षण गरिएको थियो र

यो पद्धति प्रत्यक्ष पद्धतिभन्दा प्रभावकारी पाइएको थियो । यसको मुख्य कारण प्रचलित विधि र अनलाइन विधिको प्राय: सम्मिश्रण पाइनु नै हो । शिक्षार्थीहरूले अन्तर्क्रियामा प्रत्यक्ष सहभागी हुने, आफ्ना कमजोरी र उपलब्धिका बारेमा पृष्ठपोषण प्राप्त गर्ने, सी.डी., रोम, अडियो र भिडियो फाइल, मुद्रित स्रोतसामग्रीको प्रयोग गर्ने र अनलाइन कक्षाहरूमा समेत सहभागी हुन पाउने भएकाले यो अवधारणा बढी प्रभावकारी हुन पुगेको हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता अभ्यास र प्रयोगको अवसर हुने हुनाले एसियाका धेरै मुलुकहरूमा पनि भाषा शिक्षणको यस अवधारणाले प्रवेश पाएको छ ।

वितरित सिकाइमा शिक्षार्थी वितरण गरिएका सामग्रीका विषयमा परिचित हुन पाउँछ भने यसमा शिक्षकको प्रत्यक्ष सहयोगको अवसर पनि रहन्छ । यस्तो सहयोग हप्ता, पक्ष वा महिनाको एक दुई पटक गरी निर्धारण गरिएको हुन्छ । यसले गर्दा वितरित सामग्रीमै रहेको अलमलाई पनि हटाउन मद्दत पुग्दछ । बढी लचिलो र अन्तर्क्रियामूलक हुने हुनाले यो सिकाइ उपयोगी पनि रहेको छ ।

### ३.३ अन्य अवधारणाहरू

दूर सिकाइमा भाषाशिक्षण गर्दा अन्य अवधारणाहरू पनि प्रयोगमा आएका पाइन्छन् । त्यसमध्ये टेलिम्याटिक्स (Telematics) र खुला सिकाइ (Open learning) बढी प्रचलित छन् । टेलिम्याटिक्समा अडियो सम्मेलन (Audio conferencing), भिडियो सम्मेलन (Video conferencing) च्याट (Chat), इमेल, भिडियो मेल, अडियो मेल, समाचार समूहहरू (New groups) बुलेटिन बोर्ड प्रणाली, कम्प्यूटर सम्मेलन जस्ता प्रविधिमा आधारित भई कार्यक्रम सञ्चालन गरी भाषाशिक्षण गरिन्छ ।

खुला सिकाइ दूरसिकाइभन्दा केही भिन्न तरिका हो तापनि खुला सिकाइकै दर्शनमा दूर सिकाइ रहेको छ । यसमा भाषाशिक्षार्थी वा विद्यालयकै लागि खुला पाठ्यक्रम (Open curriculum) को निर्माण गरिन्छ र त्यसकै आधारमा दूरसिकाइका माध्यमबाट शिक्षण गरी परीक्षण सञ्चालन गरिन्छ । खुला सिकाइकै पृष्ठभूमिमा अहिले विश्वमा खुला विद्यालय र खुला विश्वविद्यालयको अवधारणा विकसित भएको छ । त्यसैले भाषाशिक्षणमा मात्र नभई विद्यालयीय र विश्वविद्यालयीयस्तरमा पनि खुला सिकाइ लोकप्रिय बन्दै गएको छ ।

## ४. दूरभाषिक सिकाइ र शिक्षार्थी

भाषाशिक्षण के हो ? भन्ने कुराले दूर सिकाइसँग पनि महत्त्वपूर्ण सम्बन्ध राखेको हुन्छ । भाषाशिक्षणका प्रचलित कक्षामा झैं दूरसिकाइमा पनि शिक्षार्थीको भूमिका महत्त्वपूर्ण हुन्छ । यस

पद्धतिमा शिक्षकको भूमिका कम हुने हुनाले व्यक्तिगत रुचि तथा आकर्षण अनाकर्षणमा ठूलो महत्त्व रहन्छ । यति भएर पनि दूरभाषिक सिकाइका लागि शिक्षाका विशेषताका आधारमा दूर सिकाइमा आधारित भाषाशिक्षण कार्यक्रमको संयोजन र व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसका लागि निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ ।

- भाषिक प्रयोगको क्षमता
- मनोभाषावैज्ञानिक प्रक्रिया
- लिङ्ग
- उमेर
- प्रवृत्ति
- संज्ञानात्मक शैली
- सिकाइ अप्ठ्याराहरू
- व्यक्तित्व
- आत्म/सामाजिक/सांस्कृतिक पहिचान
- संस्था
- प्रचलित विश्वास
- अभिवृत्ति
- सिकाइ वातावरण ।

शिक्षार्थीलाई सिकाइ स्रोतका विषयमा पनि राम्रो जानकारी आवश्यक छ । त्यसबाहेक अन्तर्क्रियाका प्रवृत्ति र प्रकृति, सहयोग, सिकाइ सहजता, लचकता, नियन्त्रण, सिकाइ स्थल, दूर सिकाइ समुदाय आदिका विषयमा पनि राम्रो जानकारी प्रदान गरिनु पर्दछ । शिक्षार्थीलाई सामग्रीको चयन र निर्माणमा कसरी सहयोग पुऱ्याउने भन्ने विषयमा पनि राम्रो जानकारी हुनुपर्दछ ।

शिक्षार्थीको शिक्षणसिकाइमा शिक्षार्थीलाई सहयोग गर्ने शिक्षकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । त्यसैले शिक्षकले शिक्षार्थीको निवृत्त सम्पर्कमा रही कार्य गर्नुपर्दछ । तिनीहरूको सिकाइ अनुभवका विषयमा छलफल अनलाइन वा प्रत्यक्ष गरिरहनुपर्दछ । शिक्षार्थीहरूमा समय, शक्ति र मानसिक तयारीका लागि शिक्षक सदैव तयार रहनुपर्दछ । यसका लागि

- शिक्षार्थीका सिकाइ सन्दर्भको विकास र महत्त्वका विषयमा सदैव सचेत हुनुपर्दछ ।
- शिक्षार्थीका लागि सम्भव भएसम्म कस्तो सहयोग गर्न सकिन्छ भन्ने विषयमा आवश्यक तयार गरिरहनु पर्दछ ।
- प्रत्येक शिक्षार्थीको विकास र समयका विषयमा सदैव उत्तरदायी भइरहनु पर्दछ ।
- शिक्षार्थीसँगै रही सहयोग गरिरहेको छु भन्ने अनुभूति सदैव प्रदान गरिनु पर्दछ ।
- सन्दर्भअनुसार शिक्षार्थीका विभिन्न अवस्थामा सुधार ल्याउने योग्यता र क्षमता हुनुपर्दछ ।
- हरेक समयमा निरन्तर अनुगमन र परीक्षण गरी शिक्षार्थीको विकास कसरी भइरहेको छ पत्ता लगाउनु पर्दछ ।

यी कुराहरू पूरा गर्नका लागि दूर सिकाइमा कार्यरत भाषा शिक्षकले शिक्षार्थीका लागि निम्न तीन चरणका कार्य गर्नुपर्दछ :

पूर्व पाठ्याङ्शको चरण : यस चरणमा शिक्षार्थीलाई निम्न किसिमको ज्ञान उपयोगी हुन्छ

- पाठ्याङ्श योजना : पाठ्यक्रम, सामग्री, हस्तान्तरण विधि, प्रविधिको प्रयोग
- सामग्री अध्ययनका लागि पूर्वतयारी
- सेवाहरूको सहयोगको योजना
- पाठ्याङ्श छनोट र योजनाका लागि परामर्श ।

पाठ्याङ्श प्रवेशको चरण : यस चरणमा शिक्षार्थीका लागि निम्न किसिमको ज्ञान उपयोगी हुन्छ ।

- दूरसिकाइका लागि सूचनामूलक सहयोग
- समय र स्थानका विषयमा आवश्यक पक्षको जानकारी
- शिक्षार्थीका अनुभव र अन्तर्क्रियाको हस्तान्तरणका लागि सहजीकरण
- शिक्षार्थीको भिन्न अवस्थाको पहिचान र सहयोग ।

पाठ्याङ्श पठन / सिकाइको चरण : यस चरणमा शिक्षार्थीका लागि निम्न प्रकारको ज्ञान उपयोगी हुन्छ ।

- शिक्षार्थीले पाठ्याङ्शलाई कसरी ग्रहण गरेको छ भन्ने कुराको अनुगमन
- शिक्षार्थी र शिक्षकबीच अन्तरक्रिया र सोझो सम्बन्ध निर्माण
- आवश्यक पर्ने सहयोगका लागि सूचना प्रदान
- भाषिक मूल्याङ्कन र कार्यमा व्यक्तिगत रूपमा पृष्ठपोषण
- सिकाइमा भएको प्रगतिको प्रभावको विश्लेषण, सहयोग र पृष्ठपोषण
- आवश्यकता, अप्ठ्यारा र निराशा भए तिनको निराकरण ।

अन्तिम सहयोग पृष्ठपोषण

दूर सिकाइको आधार भाषा सिक्ने शिक्षार्थीको क्षमता र योग्यता नै हो । त्यसैले दूर सिकाइमा शिक्षार्थी अन्तर्क्रियामुखी, सिकाइ सामग्रीको खोजी गर्न सक्ने इमेल, इन्टरनेटको ज्ञान भएको, अन्य शिक्षार्थीसँग अन्तर्क्रिया र छलफल गर्न तत्पर, भाषा सिकाइको विविध मौखिक पक्षको ज्ञान गर्न सक्षम शिक्षकसँग अन्तर्क्रिया गर्न रुचाउने लगायतका योग्यता भएको हुनुपर्छ । उसमा स्वतन्त्र निर्णय गर्नसक्ने आफूलाई नियन्त्रण गर्न र अवसरहरूलाई प्रयोग गर्ने क्षमता हुनुपर्दछ ।

## ५. नेपालमा दूर सिकाइ र भाषाशिक्षण

बहुभाषिक राष्ट्र नेपालमा नेपालीतगायत सबै भाषाको महत्त्व बढ्दो छ । मानिसहरूमा मातृभाषा र अन्य भाषा सिक्ने इच्छा हुँदाहुँदै पनि दूर सिकाइको अभावमा भाषा सिकाइका अवसरहरू प्राप्त हुन सकेका छैनन् । प्रत्यक्षसिकाइमा रुचि राख्नेहरूका लागि पनि त्यस्ता अवसर कम छन् । त्रि.वि. अन्तर्गतका विश्व भाषा क्याम्पस र नेपाली केन्द्रीय विभागमा प्रत्यक्ष पद्धतिमा नेपाली भाषाको शिक्षण गरिन्छ भने अन्य भाषा वा दोस्रो भाषा शिक्षणका लागि कुनै प्रयास भएका छैनन् । यस्तो अवस्थामा नेपालमा दूर सिकाइका प्रयोग गरी भाषा शिक्षणको पर्याप्त सम्भावना रहेको देखिन्छ । नेपाली भाषाशिक्षणमा शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखाको योगदान महत्त्वपूर्ण रहे पनि यो संस्था मूलत: शिक्षक तालिममै संलग्न रहेको छ । यस्तो अवस्थामा विश्वविद्यालय तथा अन्य निकायहरूले दूर शिक्षा पद्धतिलाई तुरुन्त प्रारम्भ गर्न सके भाषाशिक्षणमा सहयोगी हुन सक्ने देखिन्छ ।

### सन्दर्भसामग्री


Bates, A.W. 1995: Technology, Open Learning and Distance Education Newyork, Routledge.

Brumtit, C. 1984: Communicative Methodology in Language Teaching: Cambridge: CUP.

Cadlin, C. and F . Byrnew 1995: Language in Distance Education Sydney: NCELTR.

Keersley, O. 2000: Online Education: Learning and Teaching in Cyber Space, Belmont, CA: Wadsworth 2003.

White, Cynthia 2003: Language Learning in Distance Education Cambridge: University press.

# खुला विद्यालय सञ्चालन : नीतिगत सोच, परिवेश आवश्यकता र चुनौति

- दीपक शर्मा*

## पृष्ठभूमि

जङ्गबहादुरको बेलायत यात्रासँगै नेपालमा आधुनिक प्रकारको विद्यालयीय शिक्षा भित्रियो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तनपछि सीमित वर्ग विशेषमा खुम्चिएर रहेको विद्यालय शिक्षाको अवसरमा विस्तार भयो । सन् १९६० को दशकमा विश्वका अर्थशास्त्रीहरूले मानव संसाधनमा विकास गरेर मात्र आर्थिक विकास प्राप्त गर्न सकिन्छ भन्ने अवधारणा अगाडि ल्याए । ठीक त्यसै कालखण्डमा माध्यमिक शिक्षा बेरोजगारी बढाउने किसिमको हुनु हुँदैन भन्ने सुझाव वि.सं. २०११ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा लिपिवद्ध गरियो साथै शिक्षाविना हाम्रो आर्थिक अवस्था सुधन सक्दैन भन्ने अवधारणा अगाडि सारियो (रा.आ. प्रतिवेदन २०११) । वि.सं. २०४७ सालमा बहुदलीय व्यवस्थाको पुन:स्थापनापछि विद्यालय शिक्षाको पहुँचमा सुधार गर्ने थप प्रयासहरू भए । २०४७ सालको राजनैतिक परिवर्तनपछि लागू भएको आठौं पञ्चवर्षीय योजनामा शिक्षासम्बन्धी नीतिमा दूर शिक्षा प्रणालीबाट विद्यालय शिक्षा प्रदान गर्न आवश्यक कदम चाल्ने कुरा उल्लेख गरियो (रा.यो.आ. २०४९) । त्यसयताको डेढ दशकमा खुला विश्वविद्यालय स्थापना र सञ्चालन बारे धेर थोर वहस चले पनि खुला विद्यालयीय शिक्षाबारे खासै वहस हुन सकेको पाइएन । हुन त विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालनसम्बन्धी शिक्षा ऐन २०२८ को सातौं संशोधनमा अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन तोकिएबमोजिम हुनेछ भनी उल्लेख गरिएको छ र शिक्षा मन्त्रालयबाट जारी गरिएको दूर शिक्षा सञ्चालनसम्बन्धी निर्देशिका २०५९ मा खुला विद्यालय सञ्चालन गर्न चाहेमा सम्बन्धन दिन सकिनेसम्मको व्यवस्था गरिएको छ । तर पनि यथार्थता के हो भने आठौं पञ्चवर्षीय योजनामा अगाडि सारिएको नीतिले दशौं योजनाको उत्तरार्द्धमा आइपुग्दा पनि मूर्त रूप लिन सकेन । हाल आएर खुला विद्यालयको परीक्षण सञ्चालन गर्ने कुरा उठेको छ । यसै सन्दर्भमा दूर शिक्षा तथा खुला सिकाइको विद्यालयस्तरीय शिक्षामा प्रयोगको नीतिगत आवश्यकता र कार्यान्वयनका चुनौतिहरू बारे यहाँ छलफल गर्न खोजिएको छ । खास गरी एघारौं योजना तर्जुमाको संघारमा र परिवर्तित सन्दर्भमा यस्ता छलफलहरू उपयोगी हुन सक्छन् भन्ने पनि ठानिएको छ ।

## राष्ट्रको योजनामा के छ ?

आठौं पञ्चवर्षीय योजनामा "दूर शिक्षा प्रणालीबाट विद्यालय शिक्षा प्रदान गर्न आवश्यक कदम चाल्ने" कुरा उल्लेख गरिए पनि त्यो कार्यान्वयनमा आउनसकेन । यता रा.यो.आ. २०४९ सिफारिसमा निकट

*शाखा अधिकृत, शै.ज.वि.के., सानोठिमी ।

भविष्यमा नेपाल सरकारले एउटा खुला विश्वविद्यालयको स्थापना गर्नुपर्छ भन्ने कुरा उल्लेख भए पनि खुला विद्यालय शिक्षाका बारेमा केही सुझाव दिएको देखिदैन ।

नवौं पञ्चवर्षीय योजना लागू हुँदा ४५ प्रतिशत बालबालिकाले मात्र माध्यमिक विद्यालयमा प्रवेश पाइरहेका थिए । तसर्थ योजना अवधिमा उक्त दरलाई शतप्रतिशतमा पुऱ्याउने अवधारणा लिनुका साथै शिक्षाको दीर्घकालीन उद्देश्यमा "सबै वर्गलाई समान अवसर प्रदान गर्ने" र "शिक्षालाई गुणस्तरीय बनाई यसलाई राष्ट्रिय विकासको मूलधारको रूपमा विकसित गर्ने" दीर्घकालीन उद्देश्य एकातिर थियो भने अर्कोतर्फ यो उद्देश्य हासिल हुन सहायक हुने "शिक्षा क्षेत्रमा इन्टरनेटमार्फत् आधुनिक शैक्षिक प्रणाली तथा लामो दूरीको शिक्षा र ग्रामीण क्षेत्रमा रेडियो शिक्षालाई विस्तार एवम् प्रभावकारी बनाइने छ" भन्ने कुरा सूचना प्रविधिको खण्ड (पृ.८५) मा उल्लेख थियो । यस योजनामा "खुला विश्वविद्यालय स्थापना गर्ने" (पृ. ५६९) कुरालाई दीर्घकालीन अवधारणाका रूपमा लिई "अवसर विस्तार र लागत प्रभावकारिता (Cost effectiveness) का लागि खुला विश्वविद्यालय र खुला माध्यमिक एवम् उच्च माध्यमिक विद्यालय सञ्चालन गर्ने" कुरा नीति र कार्यनीतिमा उल्लेख गरिएको थियो (पृ.५७३) । तर पर्याप्त र ठोस कार्यक्रमको अभावमा यसतर्फ प्रगति हुन सकेन ।

नवौं योजनामा खुला विश्वविद्यालय स्थापना गर्ने लक्ष्य राखिए तापनि त्यसलाई चाहिने पूर्वाधार विकास हुन सकेन भनेर दशौं योजनामा सामान्य ढङ्गले समीक्षा गरिएको छ । साथै चालु दशौं योजनामा खुला विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने (पृ. ३९०) कुरा उल्लेख छ । तर आठौं र नवौं योजनामा उल्लेख भएको खुला विद्यालयसम्बन्धी कुराले दशौं योजनामा निरन्तरता पाउन सकेन । हुन त यो योजना सकिनै लाग्दा पनि खुला विश्वविद्यालय स्थापनासम्बन्धी ठोस पहल कतैबाट भएको सुनिएको छैन । शिक्षा कार्यदलले २०५६ सालतिरै तयार पारेको खुला विश्वविद्यालयको मस्यौदा विधेयक पनि हालसम्म कतै थन्किएर नै बसेका छन् । दशौं योजनामा शिक्षाको गुणस्तर विकासका लागि विद्यालय तहमा शिक्षक तालिम र अध्यापन इजाजत प्रणाली अनिवार्य कार्यान्वयनका लागि विद्यालय तहमा अनिवार्य शिक्षक तालिम र अध्यापन इजाजत प्रणाली लागू गर्ने र तालिममा पहुँच पुऱ्याउन शिक्षाका सबै तहका तालिम कार्यक्रममा दूर शिक्षाको माध्यमताई समेत उपयोग गर्ने भन्ने उल्लेख छ । त्यस्तै योजना अवधिमा गरिने भनी उल्लेख भएका नीतिगत सुधारका आठओटा बुँदाहरूमध्ये अन्तिम बुँदामा "शैक्षिक प्रविधिको प्रयोगबाट आधुनिक शिक्षाको पहुँच सर्वसुलभ गराउन खुला शिक्षा तथा दूर शिक्षा प्रणाली लागू गर्ने" भन्ने उल्लेख छ । तर उक्त नीतिगत सुधारको प्रयास पनि कार्यान्वयनमा देखिन सकेको छैन ।

### दूर शिक्षा खुला सिकाइ : हालसम्मका संस्थागत प्रयासहरू

२०१५ सालमा अमेरिकी सहयोगमा रेडियो शिक्षा शिक्षक आयोजना कार्यान्वयन भयो । २०३७ सालदेखि दूर शिक्षा प्रणालीका माध्यमबाट रेडियो नेपालबाट प्राथमिक शिक्षक तालिम कार्यक्रम प्रसारण भयो । २०५० सालमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायको पुनः संरचना गर्दा दूर शिक्षा केन्द्रको स्थापना गरियो । त्यसपछिको एक दशकसम्म यो केन्द्र दूर शिक्षा प्रणालीबाट प्राथमिक शिक्षक तालिम सञ्चालन

गर्ने निकायका रूपमा रहँदै आयो । त्यसभन्दा खासै उल्लेख्य प्रगति हुन सकेन । २०६१ सालमा शिक्षा मन्त्रालयअन्तर्गत तालिम दिने केन्द्रीय निकायहरूको एकीकरण गरिँदा यो केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत दूर शिक्षा तथा खुला सिकाइ महाशाखाको रूपमा रहन गयो र यसको कार्यक्षेत्र विस्तार गरी निम्नमाध्यमिक तथा माध्यमिक तहका शिक्षकलाई पनि दूर सिकाइका माध्यमबाट तालिम कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाइयो । तर पनि संस्थागत नीति तोकिएको कार्यक्षेत्र, उपलब्ध स्रोत र जनशक्तिको हिसाबले खुला विद्यालय बारे यसले केही गर्न सक्ने स्थिति थिएन ।

हुन त २०५० मा दूर शिक्षा केन्द्रको स्थापना भएपछि यसका उद्देश्यहरूमा प्राथमिक शिक्षकलाई तालिम प्रदान गर्ने, आवश्यकतामा आधारित अनौपचारिक शिक्षा कार्यक्रम प्रसार गर्ने र शिक्षा प्राप्तिमा चासो राख्ने सुविधाविहीन तथा सामाजिक र आर्थिक रूपले कमजोर वर्गका जनसमुदायलाई विद्यालय तह एवम् उच्च शिक्षाको अवसर दूर शिक्षा प्रणालीबाट उपलब्ध गराउनेसम्मका कुरा उल्लेख थिए । खुला विश्वविद्यालयको स्थापनासम्बन्धी आवश्यक पूर्व तयारीको दायित्व विश्वविद्यालय अनुदान आयोगको कार्यक्षेत्रभित्र पर्दछ । तर खुला विद्यालय सञ्चालन गर्ने कार्यक्षेत्र र पद्धतिका बारेमा खासै किटानी भएको पाइँदैन ।

खुला विद्यालय शिक्षाको आवश्यकता परेकै हो त ?

सन् १९९० को दशक यता आधारभूत विद्यालय शिक्षालाई संसारभरि मानव अधिकारका रूपमा लिइएको छ । त्यसैले यो राज्यको प्राथमिकता र दायित्वभित्र पर्दछ । शिक्षा विभागको २०६२ को शैक्षिक तथ्याङ्कअनुसार निम्नमाध्यमिक तहमा सहजै देखिने कुल भर्नादर ७६ प्रतिशत र माध्यमिक विद्यालयको कुल भर्ना दर पनि ५०.४ प्रतिशत देखिन्छ । त्यस्तै २०६१ को शैक्षिक तथ्याङ्कअनुसार निम्नमाध्यमिक विद्यालयको खुद भर्नादर ४३.९ प्रतिशत र माध्यमिक विद्यालयको ३२ प्रतिशत देखिनुले विद्यालय जाने उमेरका प्रति सयजना बालबालिकाहरूमध्ये नि.मा.वि. तहमा ५६ जना र मा.वि. तहमा ६८ जना विद्यालय जान सकेका छैनन् भन्ने देखिन्छ । यो दर विकास क्षेत्रको आधारमा भौगोलिक, आधार, जातजातिको आधारमा र लैङ्गिक आधारमा असमानता छ । हालसम्म सरकारी र नीजि क्षेत्रको प्रयासका वावजुद पनि विद्यालयबाहिरै रहेको बालबालिकाको ठूलो हिस्साका लागि भरपर्दो विकल्प के त ? भन्ने प्रश्न छ र यसको उत्तर खुला विद्यालयको व्यवस्थापन र सञ्चालनमा खोजिनु पर्ने बेला भइसकेको छ ।

दशौं पञ्चवर्षीय योजनाले प्रष्टसँग उल्लेख गरेको कुरा के हो भने देशमा करीब ३८ प्रतिशत मानिसहरू निरपेक्ष गरिबीको रेखामुनि छन् । गरिबीको जटिलता ग्रामीण र दुर्गम भेगमा बढी छ । अति दुर्गम क्षेत्रमा अति गरिबी पनि छ । यस्तो परिवेशमा शिक्षालाई गरिबी निवारणको एक सशक्त माध्यमका रूपमा लिइएको छ । त्यसैले शिक्षा प्राप्त गर्नु भनेको ज्ञान आर्जन गर्नुमात्र नभई वर्तमान सामाजिक र आर्थिक परिवेशमा व्यवहारिक योगदानसमेत गर्न सक्नु हो र गरिबी भनेको आर्थिक गरिबी मात्र होइन प्राविधिक पछौटेपन पनि हो । यी दुवैलाई सुधारेर उत्पादनमा योगदान दिंदा गरिबी घटाउन टेवा पुग्दछ । तर विश्व घटना क्रमले देखाइसकेको छ आर्थिक उन्नतिका लागि प्राविधिक पछौटेपनबाट माथि उक्लनु पर्छ र

विद्यालय शिक्षाको अभावमा यस्तो खुड्किलो पार गर्न सम्भव छैन । करिब ७६ प्रतिशत मानिसहरू कृषिमा आधारित रहेको अवस्थाकै कुरा गर्दा पनि शिक्षाको माध्यमबाट कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा सकारात्मक प्रभाव पार्न सकिन्छ । त्यसैले शिक्षा प्रदान गर्नुलाई मानव पूँजीको विकाससँग जोडिएको छ र विकासोन्मुख देशमा आर्थिक विकासका लागि पनि मेशिनभन्दा मानवमा गरिने लगानी बढी उपयुक्त हुने ठानिएको छ । प्राथमिक तहमा अनौपचारिक शिक्षा र वैकल्पिक विद्यालयका केही प्रयोगहरू भए पनि माध्यमिक तहको शिक्षामा हालसम्म औपचारिक धारमा मात्र सरकारी लगानी र शिक्षाको व्यवस्थापन गरिएको छ । खुला विद्यालयको बाटो पनि हिँड्ने जमर्को नगरिकन विद्यालयको संरचनाभित्र नअटाएका व्यक्तिहरूमा लगानी र शिक्षाका अवसरहरू पुऱ्याउन सकिदैन ।

माध्यमिक शिक्षाको पहुँच पुग्न नसक्नुका धेरै कारणहरू पहिचान भइसकेका छन् भौगोलिक विकटता, अग्ला पहाड, खोंच, यातायातको असुविधा र पातलो वस्ती, आर्थिक दरिद्रता, जात जातिगत छुवाछुत र भेदभाव, लैंगिक भेदभाव आदि यसका परम्परागत कारण हुन् । दश वर्षदेखि देशमा जारी हिंसा र द्वन्द्वको शिकार भएर विस्थापित हुन पुगेका बालबालिकाहरू पनि माध्यमिक विद्यालय शिक्षाको पहुँचबाट टाढा पुगेका छन् । आर्थिक, सामाजिक र अन्य कारणले पनि विद्यालय वा औपचारिक शिक्षण संस्थामा आई नियमित रूपमा पढ्न नसक्नेका लागि खुला विद्यालय एउटा भरपर्दो वैकल्पिक उपाय हो । खुला शिक्षा धेरै अर्थमा सान्दर्भिक छ । महिला शिक्षामा पहुँच नभएका व्यक्तिलाई यसले सेवा दिन्छ । खुला शिक्षाबाट विकासोन्मुख देशलाई चारओटा उपलब्धि हासिल हुने तर्क पनि शिक्षाविद्हरूले गरेका छन् । ती उपलब्धिहरूमा शैक्षिक संस्थामा आउन नसक्नेका निम्ति शिक्षामा पहुँच, उच्च शिक्षा हासिल गर्न खोज्नेलाई अवसर, पेसामा संलग्न व्यक्तिहरूका लागि व्यवसायिक विकास गर्ने मौका र जनस्तरमा काम गर्नेहरूलाई आफ्नो ज्ञान र सीपलाई अद्यावधिक गर्ने अवसर (डा. सुशन आचार्य २०५९) जस्ता कुराहरू पर्दछन् ।

खुला विद्यालय कार्यक्रममा दैनिक कक्षा शिक्षण गर्नुपर्दैन । यसले विद्यार्थीलाई स्वाध्ययन सामग्री, अभ्यास पुस्तिका (Work-book), अडियो क्यासेट, भिडियो, मल्टिमिडिया इमेल, इन्टरनेट जस्ता सुविधाहरू उपलब्ध गराएर उनीहरूलाई आफ्नो क्षमता र गतिअनुसार सिक्ने अवसर प्रदान गर्दछ । त्यसैले "भूत विद्यार्थीलाई यो कार्यक्रम चाहिन्छ, आजीवन शिक्षार्थीलाई यो कार्यक्रम जरुरी छ । विष्फोटित ज्ञान टिप्न खोज्नेलाई यो कार्यक्रम अनिवार्य भएको छ । थप ज्ञान खोज्नेलाई विस्तारित दूर शिक्षाको कार्यक्रम चाहिएको छ, मानवीय सम्पदाको घिस्रिएको दिमाग उजिल्याउन यो कार्यक्रम चाहिन्छ" भनेर शिक्षामा सरोकार राख्नेले आफ्ना तर्कहरू प्रस्तुत गर्दै आएका छन् (डा. विद्यानाथ कोइराला, २०५८)

विगत ५ वर्ष (२०५७ देखि २०६१) सम्मको प्रवेशिका परीक्षा उत्तीर्ण दरलाई हेर्ने हो भने पनि यो दर ३१ प्रतिशतदेखि ४६ प्रतिशतका बीचमा रहेको देखिन्छ । विगत डेढ दशक यता निजी विद्यालयको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भए पनि यो सहरी क्षेत्रमा मात्र केन्द्रित छ र यसले गुणस्तरीय शिक्षाको पहुँचमा विस्तार गरे पनि विद्यमान सरकारी र निजी विद्यालयको प्रयोगले शैक्षिक विभेदको खाडल पनि सतहमा प्रष्टै देखिने गरी बढाउँदै लगेको छ । सामुदायिक विद्यालयमा पढाउने जनशक्तिको व्यवस्थापन राम्रो छैन ।

यस्ता विद्यालय समुदायमा हस्तान्तरण गर्दै जाने सरकारी नीति छ तर पातलो वस्ती भएका विद्यालयमा न्यून विद्यार्थी सङ्ख्याको कारण एकातिर सरकारी लगानी उच्च छ भने अर्कोतर्फ दुर्गम क्षेत्रका पातला वस्तीमा मा.वि. र उच्च मा.वि. सञ्चालन र स्थापना गर्ने काममा निजी क्षेत्र पनि अगाडि बढेका छैनन्। गरिबी र पछौटेपन उन्मूलनका लागि मानवपूँजी सर्वोत्तम पूँजी हो। शिक्षा यस्तो पूँजी निर्माणको माध्यम हो। दूर शिक्षा तथा खुला सिकाइमा सूचना तथा सञ्चारका विभिन्न माध्यमहरूको प्रयोग हुन्छ। प्रविधिको प्रयोगबाट लगानीको प्रतिफल अपेक्षित रूपमा पाउन सकिन्छ। प्रविधिको विकास नहुँदा विद्यार्थी ज्ञान आर्जनका लागि पूर्णत: शिक्षकमा भर पर्नुपर्थ्यो भने अब शिक्षा र प्रविधि एक अर्काको परिपूरकका रूपमा स्थापित हुँदै आएको परिवेशमा विद्यार्थीहरू ज्ञान आर्जनका लागि शिक्षकको भर पर्नुभन्दा पनि प्रविधिको उपयोग गर्न सक्दछन्। खुला शिक्षामा शिक्षक वा स्रोतव्यक्ति ज्ञानको एक्लौटी भण्डार नभएर सामान्य सहजकर्ता हुन्। त्यसैले चालु दशौं पञ्चवर्षीय योजना र विशेष प्राथमिकता प्राप्त माध्यमिक शिक्षा सहयोग कार्यक्रमका दस्तावेजमा उल्लेख भएबमोजिम गुणस्तरीय विद्यालय शिक्षाको पहुँच प्रत्येक वर्ग तथा तहका जनसमूहसम्म पुऱ्याउन खुला विद्यालय सञ्चालनको कार्यक्रम अगाडि ल्याइनु पर्दछ।

अबको काम कहाँबाट सुरु गर्नु उपयुक्त होला ?

सर्वप्रथम त हामीकहाँ दूर शिक्षा बारे दूर दृष्टिकै आवश्यकता छ। किनभने २०४९ सालमै रा.यो. आ. ले "अनौपचारिक शिक्षा प्राप्त गर्नेहरूलाई औपचारिक शिक्षाका विभिन्न तहमा प्रवेशका लागि तयार गर्ने खुला विद्यालयहरू सहायक हुन सक्दछन् भने तापनि नेपालभित्र केहीमात्रामा दूर शिक्षा कार्यक्रम विद्यालय शिक्षाको गुणस्तरका निम्ति प्रयोग भएतापनि खुला विद्यालय शिक्षाले संस्थागत रूप लिन सकेको छैन।" यस्तो अवस्थामा दूर शिक्षा तथा खुला सिकाइका लागि व्यवहारिक नीति तर्जुमा हुन सक्यो भने यसले शैक्षिक योजनाकार, व्यवस्थापक, प्रशासक एवम् राजनीतिज्ञलाईसमेत खुला विद्यालय सञ्चालनको दिशा निर्दिष्ट गर्दछ। यसै सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रले खुला विद्यालय सञ्चालनको सम्भाव्यता अध्ययन गर्दै र छलफलका लागि दूर शिक्षा तथा खुला सिकाइ नीति मस्यौदा गर्ने तयारी गरिरहेको अवस्थामा ती प्रयासहरूलाई बढी सार्थक बनाउन सके भविष्यका लागि निकै उपयोगी हुने देखिन्छ।

खुला विद्यालय एकैपटक स्थापना र सञ्चालन पर्नुभन्दा पनि यसलाई प्रथमचरणमा एकाध क्षेत्रमा परीक्षणका रूपमा सञ्चालन गर्नु उपयुक्त हुन्छ। यसरी परीक्षणको रूपमा सञ्चालन गर्दा दीर्घकालीन रूपमा यसको संरचना कस्तो हुने ? पाठ्यक्रम र स्वअध्ययन सामग्री कस्तो हुने ? शिक्षक को हुने ? विद्यार्थीको मूल्याङ्कन कसरी गर्ने ? भन्ने बारे यथोचित निर्णय लिन पृष्ठपोषण प्राप्त हुन्छ। यस्तो पृष्ठपोषणले लगानीलाई खेर जानबाट समेत बचाउँछ। खुला विद्यालयको सञ्चालन र समग्र व्यवस्थापन शिक्षा मन्त्रालयभित्रको कुरा गर्दा शिक्षा विभागको कार्य क्षेत्राधिकारभित्र पर्छ तर हालसम्म दूर शिक्षासम्बन्धी काम गरिआएको अनुभवलाई हेर्दा परीक्षणको रूपमा केही विद्यालय सञ्चालन गर्ने काम शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतको दूर शिक्षा तथा खुला सिकाइ महाशाखालाई दिनु प्राविधिक हिसाबले बढी उपयुक्त हुन सक्दछ।

हामीसँग खुला विद्यालय सञ्चालन गर्नका निम्ति पर्याप्त विज्ञ (Experts) हरू छैनन् र प्राविधिक सचेतना (Technological awareness) पनि हामीकहाँ धेरै कमजोर छ भनिन्छ । देशभर सञ्चार र सूचनाको संयन्त्र (Network) पनि अपेक्षाकृत कमजोर नै छ । तर हामी शुन्यमा भने छैनौं । शिक्षा र सञ्चार दुवै क्षेत्रमा निजी क्षेत्रको संलग्नता बढ्दो छ । छोटै समयमा पनि सूचना र प्रविधिको क्षेत्रमा उल्लेखनीय प्रगति देखिएको छ । नीति निर्माता र उच्च प्रशासकहरूले खुला विद्यालयको आवश्यकता र महत्त्वलाई साँच्चै नै आत्मसात गरेर पर्याप्त समर्थन दिएमा विज्ञहरूले पनि पर्याप्त समय दिएर योजना बनाउन र सामग्री विकास गर्न थाल्दछन् । यस्तो अवस्थामा शिक्षाशास्त्र संकायका क्याम्पस, निजी क्षेत्रमा चिरागजस्ता संस्था र दूर शिक्षा तथा खुला सिकाइ महाशाखाले हालसम्म आर्जन गरेका प्राविधिक ज्ञानलाई योजना निर्माण र सामग्री विकासमा लगाउन सकिन्छ । त्यस्तै जनक शिक्षा सामग्री केन्द्र जस्ता निकायलाई सामग्री उत्पादन र वितरणको भूमिका दिन सकिन्छ । पर्याप्त भौतिक सुविधा भएका तुलनात्मक रूपमा सक्षम विद्यालय वा स्रोतकेन्द्रहरूलाई खुला विद्यालयका लागि समेत स्रोतकेन्द्रका रूपमा काम गर्ने गरी विकास गर्दा निष्कृय स्रोत र साधनको अधिकतम प्रयोग गर्न सकिन्छ । यस्तो व्यवस्था प्रभावकारी हुने नहुने भन्ने बारे अल्पकालमा परीक्षणका रूपमा सञ्चालन गरेर हेर्न पनि सकिन्छ ।

विश्वविद्यालय अनुदान आयोग र शैक्षिक जनशक्ति विकास केन्द्र दुवै संस्था दक्षिण एशियाली क्षेत्रमा स्थापित (SAARC Consortium of Open and Distance Learning) SACODiL का सदस्य छन् । यस संस्थाले दूर शिक्षा तथा खुला सिकाइका क्षेत्रमा पारस्परिक हितलाई बढावा दिन्छ । पारस्परिक सहयोग र साझेदारी अभिवृद्धि गर्ने, गुणस्तरीय शिक्षाका लागि लागत प्रभावकारिताका हिसाबले खुला सिकाइ तथा दूर शिक्षाको प्रयोगलाई अभिवृद्धि गर्ने र यसलाई निरक्षरता र गरिबी उन्मूलनका लागि प्रयोग गर्ने उद्देश्यका साथ SACODiL ले मुख्यत ४ ओटा पारस्परिक सहयोगका क्षेत्र पहिचान गरेको छ । जसमा स्रोत र साधनको साझेदारी, संयुक्त कार्यक्रम र कोर्षको विकास, कार्यक्रम सञ्चालनमा सञ्चार प्रविधि (हार्डवेयर र सफ्टवेयरसमेतको) साझेदारी र यस्तो कोर्ष र कार्यक्रमको प्रमाणीकरण जस्ता विषय पर्दछन् (डा. होमनाथ भट्टराई) । त्यसैले सार्क राष्ट्रमा सञ्चालित कार्यक्रमहरू खासगरी भारतमा सञ्चालित NIOS / IGNOU जस्तो संस्थासँग संस्थागत सम्बन्ध कायम गरेर कार्यक्रमलाई अगाडि बढाउन सकिन्छ । यस्तो सम्बन्धलाई नेपालको हितमा अधिकतम प्रयोग गर्न सकिन्छ ।

**कामको सुरुवातमै आइपर्ने चुनौतिहरू / खुला विद्यालय सञ्चालनका चुनौतिहरू :**

काम गर्ने भन्न जति सजिलो देखिन्छ सुरुवात गर्न त्यतिकै कठीन पनि छ । सबभन्दा पहिलो त पहुँच नपुगेका मात्र भनेर हुँदैन । त्यसभित्र पनि परीक्षणका लागि नै लक्षित समूह कुन हो भनी किटान गर्नुपर्छ । पहिलो सम्बोधन कसलाई गर्ने ? पातलो बस्ती भएका ग्रामीण दुर्गम भेगका बालबालिका जो आर्थिक कारणको अलावा भाइबहिनी हेर्नुपर्ने र गाईवस्तु गोठाला जानुपर्ने कारणले विद्यालय जान सकेका छैनन् । सहरमा सडक बालबालिका, घरेलु कामदार र कुलतको शिकारमा फसेका बालबालिका विद्यालय शिक्षाको पहुँच बाट टाढा छन् त्यस्तै ग्रामीण क्षेत्रमा भएका घरेलु हिंसा र शसस्त्र द्वन्द्वको मारबाट विस्थापित भएका बालबालिका छन्, पढ्ने अवस्थामै विद्यालय छोडेर युद्धमा होमिएका र शान्ति स्थापनाको प्रक्रियासँगै पुनः

स्थापना गरिनुपर्ने युवाहरू छन्, विद्यालय तहको शिक्षा पढे पनि उचित पठन पाठन वातावरणको अभावमा प्रवेशिका परीक्षा अनुत्तीर्ण भएर भड्किएका बालबालिका पनि छन् । यस्तो अवस्थामा पहिलो प्राथमिकता छैन पनि त्यति सहज छैन ।

दोस्रो प्रमुख चुनौति संरचनासँग सम्बन्धित छ । भारतमा राष्ट्रिय खुला विद्यालय (NIOS) छ । यसको देश भर आफ्नै संरचना छ । यसले माध्यमिक तथा उच्चमाध्यमिक तहको शिक्षा प्रदान गर्दछ । यसका आफ्नै स्रोतकेन्द्रहरू छन् । दुईओटा स्रोतकेन्द्र नेपालमा समेत सञ्चालन भएका देखिन्छन् । यसको पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीसमेत औपचारिक पद्धतिको भन्दा छुट्टै छ । यता नेपालमा पूर्वाञ्चल वि.वि., त्रि.वि.वि. शिक्षाशास्त्र संकायबाट सञ्चालित एक वर्षे वि.एड् को दूर शिक्षा कार्यक्रममा चाहिँ एउटै संरचना, उही पाठ्यक्रम र उही मूल्याङ्कन वा परीक्षा पद्धति छ । यस्तो पद्धति लागू गर्ने हो भने विद्यालयकै संरचना प्रयोग गर्ने औपचारिक शिक्षा पद्धतिकै पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई अनुसरण गर्ने र नियमित विद्यालयकै पाठ्यपुस्तक प्रयोग गर्न सकिन्छ । यसो गर्दा विद्यार्थी विद्यालयमा भर्ना हुन्छन् । बेलाबेलामा भेटघाट सत्र (Contact session) मा भाग लिन्छन् । दिइएका कार्य बुझाउँछन् । थप कार्य लिन्छन् । यसरी निरन्तर मूल्याङ्कनबाट वर्षको अन्त्यमा परीक्षामा समावेश हुन्छन् । देशको भौगोलिक, आर्थिक सामाजिक परिवेशमा यीमध्ये वा यस्तै कुन मोडेल उपयुक्त हुन्छ भनी छनौट गर्नु पनि नीति निर्माताका लागि अर्को चुनौति हो ।

तेस्रो प्रमुख चुनौति लगानीका स्रोतको व्यवस्थापनसँग सम्बन्धित छ । हुन त औपचारिक विद्यालय शिक्षाभन्दा खुला शिक्षा लागतको हिसाबले प्रभावकारी (Cost effective) मानिएको छ । तर पनि वर्तमान यथार्थता के हो भने औपचारिक शिक्षामा गरिएको लगानी कटौती गरेर खुला विद्यालयतर्फ लगाउने स्थिति छैन । यसका लागि थप लगानीकै आवश्यकता पर्दछ । देशको कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय आय र राजस्वका स्रोतलाई हेर्दा यसका लागि पनि कम्तीमा ५-७ वर्ष दाताहरूमै भर पर्नुपर्ने हुन्छ । त्यसैले सिंगो राष्ट्रको प्राथमिकता र प्रतिवद्धता आवश्यक पर्दछ । "खुला विश्वविद्यालयलाई नेपाल सरकारले सुरुका ५-७ वर्षसम्म एकमुष्ट अनुदान दिनुपर्छ र उक्त चरण पार पाएपछि पञ्जिका शुल्क, परीक्षा शुल्क र डिग्री शुल्कले नै त्यसलाई आत्मनिर्भर बनाउनुपर्छ" भनेर रा.शि.आ. को प्रतिवेदन ( २०४९) ले सुझाव दिएको छ । तर विद्यालयस्तरको खुला शिक्षामा यो सुझाव लागू हुन्छ भन्न सकिँदैन किनभने उच्च शिक्षा भनेको काम गर्दै पढ्ने अवस्था हो भने विपन्न वर्गका विद्यालय जाने उमेरका बालबालिकाबाट यस्तो अपेक्षा गर्न पनि कठीन छ ।

### निष्कर्ष

शिक्षा नीजि वस्तु (Private goods) हो कि सार्वजनिक वस्तु (Public goods) भन्ने विवाद आफ्नै ठाउँमा रहँदारहँदै पनि यसलाई मानव पूँजीको विकाससँग जोडियो र गरिबी निवारणको एक शसक्त माध्यम ठानियो । १९९० को दशकपछि विद्यालय शिक्षा विश्वमै मानव अधिकारको रूपमा स्थापित भयो र यसलाई लोक कल्याणकारी राज्यको अहम् कर्तव्यको रूपमा हेर्न थालियो । शिक्षामा सबैलाई पहुँच दिने

नाराका साथ केटाकेटीलाई विद्यालय भित्र्याउन अनेकौं प्रयास भयो । थप विद्यालयहरू खोलियो । शिक्षकहरू थपिए । निःशुल्क पाठ्यपुस्तक वितरण गरियो । छात्रवृत्ति प्रदान, विद्यालय पोसाक वितरण र शिक्षक तालिम जस्ता अनेकौं प्रयास भई नै रहे । तर पनि विद्यालय जाने उमेरका सबै बालबालिकाहरूले त्यहाँ प्रवेश गर्न सकेनन् । विहानबेलुका हातमुख जोर्न कामले फूर्सद नहुनेहरू आफ्नै घर आँगनमा विद्यालय भएर पनि जान सकेनन् । उमेर नाघिसकेकाहरूले पनि मनोवैज्ञानिक कारणले जाने इच्छा देखाएनन् । जेनतेन विद्यालय प्रवेश गरेका पनि आर्थिक, सामाजिक र पारिवारिक कारणले नियमित रूपमा दिनभर विद्यालयमा रहन सकेनन् । बीचमै कक्षा छोड्ने वा कक्षा दोहोऱ्याउनेको सङ्ख्या पनि उल्लेख्य नै रह्यो । वर्ष दिनभरि विद्यालय गएर पनि फलामे गेट ठानिएका परीक्षाहरूमा अनुत्तीर्ण हुनेहरूले हिनताबोधका कारण विद्यालय नजाने निर्णय गर्नु नै उपयुक्त ठाने । फलतः विद्यालयमा विद्यार्थी ल्याउने होइन विद्यालयलाई विद्यार्थीकहाँ पुऱ्याउने अर्थात् विद्यार्थीको समय र चाहनाअनुसार शिक्षा दिनुपर्छ भन्ने सोचले खुला तथा दूर शिक्षा प्रणालीको आवश्यकता महशुस गरियो । करीव डेढदशकअघि नै यसको आवश्यकता महशुस गरिए पनि नीतिगत दृढता र निरन्तरता भएन फलतः खुला विद्यालय सञ्चालन बारे प्रष्टता आउन सकेन । एघारौं योजना निर्माणको पूर्वार्द्धमा खुला विद्यालय परीक्षणको रूपमा सञ्चालन गर्नुपर्ने र राष्ट्रले एकीकृत दूर शिक्षा तथा खुला सिकाइ नीति तर्जुमा गर्नुपर्ने वहस चलिरहेको बेलामा प्राप्त अनुभवलाई संस्थागत गर्दै र उपलब्ध संस्थागत क्षमता र सम्बन्धलाई सुदृढ पार्ने हिसाबले ठोस नीति र कार्यक्रम तर्जुमा गरिनु आवश्यक छ । चाहे हामी इच्छा गरौं वा नगरौं खुला विद्यालयलाई मुलुककै शिक्षा प्रणालीको एक हिस्सा नबनाइकन अरू उपाय छैन तर यसो गर्न प्राविधिक, संस्थागत र वित्तीय तीनै हिसाबले दिगोपनको आवश्यकता छ ।

## सन्दर्भसामग्री


आचार्य, डा. सुशन (२०५९) : खुला विद्यालय प्रसंग र परिवेश दूर शिक्षा, २०५९ पृ ३५-३९, सानोठिमी

भट्टराई, डा.होमनाथ (२०५९) : "SACODiL – A Framework for Regional Co-operation: DEC Journal पृ. ९३-९८.

रा.शि.आ. (२०४९) : रा.शि.आ. को प्रतिवेदन

रा.यो.आ. (२०४९) : आठौं योजना

रा.यो.आ. (२०५४) : नवौं योजना

रा.यो.आ. (२०५९) : दशौं योजना

दूर शिक्षा केन्द्र (२०५९) : दूर शिक्षा व्यवस्थापन तथा सञ्चालन निर्देशिका

कोइराला, डा. विद्यानाथ (२०५८) : दुईतर्फी नियमितता : दूर शिक्षामा स्नातकोत्तर तहको आवश्यकता दूर शिक्षा, २०५८ पृ. ६-९, सानोठिमी ।

शिक्षा सातौं संशोधन ऐन (२०५८) : कानुन किताब व्यवस्था समिति

शिक्षा विभाग (२०६२) : शैक्षिक तथ्याङ्क, सानोठिमी, भक्तपुर

माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेज

# खुला शिक्षाको सैद्धान्तिक धरातलमा नेपालमा व्यवहारिक उपयोगको भविष्यपरक दृष्टिकोण

- भोजराज काफ्ले*

यस लेखको सुरुआत तदर्थवादमा नै रही विषय प्रवेशबाट उठान गरिएको छ । ज्ञान, सीप, प्रविधि आदिमा भएको विकास र परिवर्तनले मानव जीवनशैलीमा परिवर्तन आयो । परिवर्तित सन्दर्भमा बाँच्न र रहन सबैले शिक्षा आर्जन गर्नुपर्ने भयो । धेरैलाई अवसर प्रदान गर्ने क्रममा विकल्पको खोजी हुँदै जाँदा खुला शिक्षा पद्धतिको उत्पत्ति हुन गयो । साथै गुणात्मक शिक्षाको खोजी गर्न पनि खुला शिक्षालाई गन्तव्य ठम्यायो भनी लेखमा विषयप्रवेश गराइएको छ । नेपालमा खुला शिक्षाले प्रवेश कसरी पायो र अवस्था के छ, राष्ट्रियस्तरका शैक्षिक दस्तावेजहरूले यस सम्बन्धमा के भन्छन् र के भयो भन्ने कुराको चर्चा गर्दै लेखलाई अगाडि बढाइएको छ ।

लेखमा खुला शिक्षा नेपालकै सन्दर्भमा अझ उपयोगी भन्ने कुरालाई पुष्ट्याई गर्ने प्रयत्न गरिएको छ । नेपालका अनुपम विशेषता, बहुलता, यसको सक्षमता (Potentialities), सकारात्मक पक्ष एवम् कमजोर पक्षलाई समग्रतामा खुला शिक्षाले समेट्न सक्छ भन्ने धारणा यस लेखमा छ । राष्ट्रियस्तरका दस्तावेज र अन्य परिवर्तित पक्षले खाँचो औंल्याउँदा औंल्याउँदै अपेक्षित प्रगति हुन नसक्नुका केही कारणहरू प्रस्तुत गरी ती कारणका बारेमा छलफल गर्नुपर्छ भन्ने कुरा पनि यसमा प्रस्तुत गरिएको छ । लेखमा दिइएका सुझावहरू छलफलका लागि मार्ग प्रसस्त गरिएका हुन् र व्यापक छलफल र अन्तरक्रियाबाट यसको मार्ग निर्दिष्ट गर्नुपर्छ भन्ने कुरा उल्लेख गर्दै यसमा अग्रसरता निजी, गैर सरकारी, सरकारी जुनसुकै क्षेत्रले लिंदा पनि हुन्छ तर हाम्रोजस्तो अनुशरणकारी समाजमा शुरुमा सरकारले केन्द्रीय भूमिका र अन्य क्षेत्रको सहयोगतर्फ उन्मुख हुनुपर्छ भन्ने दृष्टिकोण राखी लेखको समापन गरिएको छ ।

## विषय प्रवेश

शिक्षालाई गुणात्मक वस्तु, सार्वजनिक वस्तु र मानवीय पूँजीका रूपमा हेर्ने दृष्टिकोणको विकास हुँदै जाँदा राज्य गतिविधिको अभिन्न अंगका रूपमा शिक्षाले स्थान प्राप्त गर्न शुरु गऱ्यो (Lohani, 2054 B.S.)। राज्यले विकासको प्रमुख आधारका रूपमा शिक्षालाई अंगिकार गर्न थाल्यो । यस प्रकार शिक्षाको क्षेत्र व्यापक हुँदै जाँदा औपचारिक विद्यालयीय । विश्वविद्यालयीय शिक्षाको संरचनाभित्र आवद्ध हुन नसकेकाहरूका लागि अनौपचारिक शिक्षामार्फत् शैक्षिक अवसर उपलब्ध गराउने प्रक्रियाको थालनी भयो । (HMG/UNESCO, 2000).

शिक्षाले उपेक्षा गरेका परिवर्तित सन्दर्भका पक्षहरूमा स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्र, संस्कृति र वातावरण संरक्षण, सबैका लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्य, सूचना तथा सञ्चार आदि प्रभावि हुन आएको छ । शिक्षाका चार स्तम्भ जान्न (सक्न) का लागि, हुनका लागि, गर्नका लागि र सँगै सहन र बाँच्नका लागि शिक्षाका आधुनिक प्रयासले सम्बोधन गर्नुपर्ने कुरा युनेस्कोले उजागर गरेको छ (Soup,

*पाठ्यक्रम अधिकृत, पा.वि.के.

10000, Malik, 2002, Khana, 2004)। यस प्रकार शिक्षाको परिवर्तित मान्यताले व्यक्ति, समाज र राष्ट्रको पक्षलाई मात्र सम्बोधन गरेर नपुग्ने अवस्था छ। विश्वव्यापी परिवेशलाई समेत समेट्नु पर्ने भएको छ। विश्वव्यापी परिवेश र स्थानीय ज्ञान र सीपका बीचमा सम्बन्ध सूत्र प्रगाढ बनाई यी दुवै पक्षको मिश्रणबाट नयाँ यौगिक ज्ञान र सीपको विकास गर्नु शिक्षाको बदलिंदो उद्देश्य हो। यी समग्र परिवर्तन विद्यमान औपचारिक विद्यालयीय र विश्वविद्यालयीय एवम् अनौपचारिक शिक्षाको यथास्थितिको पहल र प्रयास अपर्याप्त भइसकेका सन्दर्भमा खुला शिक्षाको अवधारणाले विश्वव्यापी व्यापकता पाएको छ। शिक्षणसिकाइ क्रियाकलापको व्यापकता (Enlarging the learning opportunity) लाई यस पद्धतिले उपयुक्त रूपमा सम्बोधन गर्ने गरेका दृष्टान्तहरू पनि देखिएका छन्।

### नेपालको सन्दर्भ

विश्वमा खुला शिक्षाको इतिहास निकै लामो भए तापनि नेपालमा खुला शिक्षाको औपचारिक सुरुवात रेडियो शिक्षा शिक्षक तालिम आयोजनाका रूपमा भएको पाइन्छ। एस.एल.सी. पास नभएका शिक्षकहरूलाई १० महिने शिक्षक तालिम प्राप्त गराउने उद्देश्य लिई २०३५ सालमा स्थापित भएको पाइन्छ। रेडियो शिक्षा शिक्षक तालिम आयोजना (प्रथमचरण), रेडियो शिक्षा शिक्षक आयोजना (दोस्रोचरण) आधारभूत शिक्षक तालिम कार्यक्रम, अन्तरक्रियात्मक रेडियो शिक्षण कार्यक्रम आदि चरणहरू यसले पूरा गरिसकेको छ। नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत केन्द्रीय तहको प्राविधिक निकाय शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत दूर शिक्षा/खुला सिकाइ महाशाखाबाट अहिले पनि विविध शैक्षिक गतिविधिहरू सञ्चालन गरिन्छन्।

प्राथमिक शिक्षक तालिम, शैक्षिक कार्यक्रम र चेतनामूलक कार्यक्रम गरी जम्मा तीन किसिमका काम गर्दै आएको तत्कालको दूर शिक्षा केन्द्र (हाल शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतको दूर शिक्षा/खुला सिकाइ महाशाखा) ले हाल आएर आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ। माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूका लागि तालिम कार्यक्रम र गणित, अङ्ग्रेजी र विज्ञान विषयमा एस.एल.सी परीक्षामा विद्यार्थीहरू कम उत्तीर्ण हुने गरेको समस्यालाई सम्बोधन गर्न ती तीन विषयमा विशेष कार्यक्रम प्रसारण गर्न सुरु गरेको छ।

सरकारी संयन्त्र र प्रयासबाट भएका उल्लिखित कार्यक्रमका साथसाथै खुला सिकाइले अन्य क्षेत्रमा पनि व्यापकता पाउँदै आएको छ। हाल त्रिभुवन विश्वविद्यालय र पोखरा विश्वविद्यालयबाट वि.एड.को पाठ्यक्रममा आधारित कार्यक्रमहरू सञ्चालन गरिएका छन्। त्यसैगरी विदेशका केही विश्वविद्यालयसँग सम्बन्ध स्थापित गरी कक्षाहरू सञ्चालन हुने गरेको ती विश्वविद्यालयहरूबाट तोकिएका परीक्षा तथा परियोजना कार्य सम्पन्न गरी प्रमाणपत्रहरू प्राप्त गर्ने गरेको पनि चर्चामा आएको छ। तर औपचारिक रूपमा पुष्टि हुन बाँकी छ। त्यसैगरी रेडियो टेलिभिजनहरूबाट कृषि, स्वास्थ्य, वनसंरक्षण, लैङ्गिक पक्ष, भाषा संरक्षण, बालअधिकार आदि विषयमा ज्ञानवर्धक कार्यक्रमहरू प्रसारण गरिएको पाइन्छ।

**दस्तावेजहरूले के भन्छन् र के भयो ?**

प्रजातन्त्रको पुनर्स्थापनापछि गठित राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०४९ ले देशमा खुला शिक्षाको आवश्यकता भएको कुरा औचित्य र महत्त्वसमेत लिपिबद्ध गरेको थियो । त्यसपछि गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि सो कुरालाई निरन्तरता दिँदै आवश्यकता औल्याइरह्यो । यी दुवै प्रतिवेदनले उच्च शिक्षामा खुला शिक्षालाई जोड दिँदै खुला विश्वविद्यातयको आवश्यकतालाई औल्याएको पाइन्छ ।

आवधिक पञ्चवर्षीय योजनाहरूमा आठौं पञ्चवर्षीय योजना कालदेखि यसको आवश्यकता औल्याइएको थियो । नवौं योजनाले पनि उल्लेख गर्न छाडेन । चालु दशौं योजनाले खुला विश्वविद्यालय स्थापना गर्ने र सञ्चालन गर्ने भनी उल्लेख गरेको छ ।

यसरी राष्ट्रियस्तरका दस्तावेजहरूले सुझाव प्रस्तुत गरी नीतिगत दस्तावेजमा समेत आइसकेको हुँदा खुला विश्वविद्यालय स्थापना हुने कुरामा करिब ढुक्क हुने लक्षण देखिएको भए तापनि हालसम्म प्रगति हुन सकेन । उच्च शिक्षाका सम्बन्धमा मानित विश्वविद्यातय, क्षेत्रीय विश्वविद्यातय, लुम्बिनी विश्वविद्यातय जनक राजर्शी विश्वविद्यातय स्थापना गर्ने तथा छाता विश्वविद्यातय ऐन अध्यादेशका रूपमा कार्यान्वयनमा आउने चर्चा चलिरहेकै बेला लुम्बिनी, बौद्ध विश्वविद्यालय ऐन (अध्यादेश) आइसकेको छ । छाता ऐन र अन्य विश्वविद्यालयहरू स्थापनाका लागि विश्वविद्यातय अनुदान आयोगले आवश्यक गृहकार्य गरी नेपाल सरकारमा प्रतिवेदन बुझाइसकेको समाचार प्रकाशनमा आइसकेको भए तापनि खुला विश्वविद्यालयले प्राथमिकता पाउन सकेनछ ।

ज्ञानको क्षेत्रमा आएको विकास र परिवर्तन, संस्कारमा आएको परिवर्तन प्रविधिमा पनि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमा आएको अपत्यारिलो र अप्रत्याशित परिवर्तन, समाजिक मूल्य र मान्यतामा आएको परिवर्तनले सिकाइलाई व्यापक बनाउँदै गएको सन्दर्भमा माध्यममा पनि व्यापकता हुनुपर्छ भन्ने कुरामा सहमत हुने हो भने खुला शिक्षाको आवश्यकतालाई पनि नकार्न सकिँदैन । शिक्षाको परिवर्तित मान्यता अनुसार युनेस्कोबाट अध्ययन गराइएको डिलर प्रतिवेदनले सिकाइ जान्न वा सिक्नका लागि (Learning to know or to learn), हुनका लागि (to be), गर्नका लागि (to do) र सँगै बाँच्न र बस्नका लागि (to live together) हुनुपर्ने भनी उल्लेख गरेका कुराताई सबैले स्वीकार गरेको अवस्था छ । यदि हामीले पनि शिक्षाका यी चार स्तम्भहरूलाई स्वीकार गर्ने हो भने खुला शिक्षा पद्धति शिक्षाका चारै स्तम्भले संकेत गरेका पक्षलाई सम्बोधन गर्न आवश्यक देखिन्छ । अझ काममै बसेर सिक्न (Learning by doing) को सन्दर्भमा अत्यावश्यक नै देखिन्छ (Khania, 2058 B.S)।

यसरी हाम्रा आवश्यकता पहिचान गरी भविष्यपरक दृष्टिकोण प्रस्तुत गर्ने राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय विकासका योजनाहरूले खुला शिक्षा (खुला विश्वविद्यातयको) आवश्यकता औल्याउने र सैद्धान्तिक र व्यवहारिक रूपमा आवश्यक छ भन्ने कुरामा सहमतिमा पुग्ने हो भने किन आवश्यक छ र आवश्यक

हुँदाहुँदै किन अपेक्षित रूपमा निश्चित दिशा पहिल्याउन अलमल भयो भन्ने कुरामा पनि छलफल गर्न आवश्यक देखिन्छ ।

खुला शिक्षा किन ?

खुला शिक्षाको आवश्यकताका बारेमा माथिल्ला प्रकरणहरूले पनि स्पष्ट गर्ने काम गरेका छन् । यस पद्धतिलाई बहुपक्षीय उपयोगिताका रूपमा अवलम्बन गर्न सकिन्छ । ज्ञान, सीप र प्रविधिमा आएको परिवर्तनले संस्कार, शिक्षाका मूल्य र मान्यता, संरचनाका मूल्य र मान्यता आदि सबैमा परिवर्तन आएको सन्दर्भमा देहायका बुँदाहरूले खुला विश्वविद्यालयको आवश्यकतालाई पुष्टि गर्छ ।

१. कम खर्चिलो शिक्षा
एक पटक सञ्चारका माध्यममार्फत् व्यापक रूपमा प्रसारण गर्न सकिने हुँदा धेरै क्षेत्र र सिकारुलाई सम्बोधन गर्न सकिने हुँदा खर्चका दृष्टिले निकै सस्तो शिक्षा साबित भएको छ । उदाहरणका लागि - थाइल्याण्डमा उच्च शिक्षामा भर्ना भएका मध्ये ७० प्रतिशत विद्यार्थीहरू खुला विश्वविद्यालयमा आवद्ध भएका छन् भने उच्च शिक्षामा गरिएको लगानीमध्ये जम्मा ९.३ प्रतिशत मात्र खुला विश्वविद्यालयमा लगानी भएको छ ।

२. दुर्गम भेगका लागि उपयुक्त शिक्षा
औपचारिक विद्यालयीय र विश्वविद्यालयीय शिक्षा उपलब्ध हुन नसकेका दुर्गम स्थानका बासिन्दाका लागि यो शिक्षा सबैभन्दा बढी लाभप्रद साबित भएको छ ।

३. काममा रहेर ग्रहण गर्नसक्ने, गरेर सिक्ने (Learning by doing) पक्ष यस पद्धतिको सबैभन्दा महत्त्वपूर्ण फाइदा मानिन्छ । समयको सदुपयोग हुन्छ ।

४. अनौपचारिक शिक्षा पद्धतिमा समेत उपयोगी हुने ।

५. आर्जित ज्ञान, सीप र प्रविधिलाई अध्यावधिक गर्न सहज र सरल तरिका

६. बाहिरी संसारसँग परिचित भइराख्न र जानकारी लिन सरल उपाय मानिएको ।

७. औपचारिक अध्ययन (विद्यालयीय र विश्वविद्यालयीय) गर्न छाडेकाहरू (जो सिकाइलाई निरन्तरता दिन चाहन्छ । ) का लागि उपयोगी

८. शिक्षक तालिमका लागि उपयोगी हुने ।

९. परम्परागत अध्ययन अध्यापनलाई सहयोग गर्ने । विकल्पहरूको खोजी गर्न सूचना प्रदान गर्ने ।

१०. समसामयिक संसारको उपलब्धि सूचना तथा सञ्चार प्रविधि (ICT) को उपयोग हुने ।

११. विश्वव्यापीकरण (Globalisation) र स्थानीयकरण (Localization) बीचमा सम्बन्ध प्रगाढ गराउने उपयुक्त माध्यम ।

नेपाल आकारमा सानो देश भए तापनि आफ्नै मौलिक विशेषता, विशिष्टता र पहिचानले ओतप्रोत देश हो । यसका आफ्नै सामाजिक, भौगोलिक, आर्थिक र शैक्षिक विशेषताले विश्वमा पहिचान कायम भएको

छ । नेपालका आफ्ना सबल र दुर्बल पक्षहरू पनि छन् । नेपालका अनुपम विशेषताहरूलाई सम्बोधन गरी विश्वमा पहिचान कायम गर्न यो पद्धति उपयोगी साबित देखिन्छ ।

| | |
|---|---|
| १. | नेपाली समाजको विशेष पहिचान आपसी सद्भाव र सहिष्णुता |
| २. | मन्दिर, गुम्बा, धर्मशाला, पाटीपौवा, चौतारा एवम् ढुंगेधाराजस्ता सम्पदाहरूको आस्था र विश्वास |
| ३. | विभिन्न जातजाति एवम् विविध भाषा समूहका विविध कला, धर्म, भेषभूषा । रहनसहन आदि जस्ता सामाजिक विशेषता |
| ४. | हिउँले ढाकिएका उच्च हिम शृङ्खलाहरूसहितको शीतोष्ण हिमाली भेग, ह्रास वनजंगलसहितको पहाडी एवम् उपत्यकाले भरिएको समशीतोष्ण पहाडी क्षेत्र समतल भू-भाग भएको वनजंगल एवम् उर्वर भूमि उष्ण तराई |
| ५. | उत्तरदेखि दक्षिणसम्मको छोटो दूरीबीच एक आपसमा अति निम्न जलवायु |
| ६. | कृषि र पशुपालन, जडीबुटी, स्थान विशेषका उत्पादनको आदानप्रदान, हाटबजार, पर्वतारोहण, पर्यटन, श्रम आदि विविध आर्थिक क्रियाकलापका आधारहरू |
| ७. | सरल, मैत्रीपूर्ण र आफ्नै संस्कार तथा संस्कृतिमा रमाउने जीवनखेती |
| ८. | विविध सांस्कृतिक संस्कार, चाडपर्वप्रति सदभाव राखी मनाउने प्रचलन धेरै आकांक्षा राख्ने, आफ्नै भाग्य वा कर्ममा विश्वास राख्ने आफ्नैपनमा सन्तुष्टि लिने प्रकृति |
| १० | अतिथिसत्कार, परोपकार मेलमिलाप र सद्भाव जस्ता आदर्श । |

व्यापक क्षेत्रका साथै नेपालको सन्दर्भमा खुला सिकाइका फाइदा विशिष्टीकृत उपयोग क्षेत्रहरूलाई देहायअनुसार पनि प्रस्तुत गर्न सकिन्छ (वज्राचार्य, 2054 B.S., Upadhya, 2061 B.S.) :

१. नेपालमा विद्यालय शिक्षा विशेष गरी माध्यमिक शिक्षा उत्तीर्ण गर्ने विद्यालयहरूमा उच्च शिक्षा आर्जन गर्ने अभिलाषा उत्कृष्ट छ । (माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेज, २००२) तर सबैलाई उच्च शिक्षामा पहुँच छैन ।

२. वातावरण संरक्षण, कृषिमा आधुनिकीकरण, समाजशास्त्र, संस्कृति व्यवस्थापन, कानुन र भाषा जस्ता विषयमा खुला शिक्षा प्रणाली सहजै लागू गर्न सकिने सम्भावनाहरू देखिएका छन् ।

३. विश्वविद्यालयहरू विशेष गरेर त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी चाप घटेर अनुशासनको वातावरण कायम हुने सम्भावना कम भएको र शिक्षक विद्यार्थी अनुपात ठीक आकारमा आई पठन पाठनमा गुणात्मक कायम हुने ।

४. अनौपचारिक, औपचारिक (विद्यालयीय र विश्वविद्यालयीय) शिक्षाका क्षेत्रसँग स्वत: प्रतिस्पर्धात्मक वातावरण सिर्जना हुने ।

५. दुर्गम र पिछडिएको वर्गमा शिक्षाको पहुँच पुग्ने ।

खुला शिक्षाको बहुआयामिक उपयोगितालाई देहायबमोजिम चित्रात्मक प्रस्तुतिबाट बोध गर्न सहज पर्ने देखिन्छ ।




यस प्रकार खुला शिक्षाको बहुपक्षीय उपयोगितालाई स्वीकार गर्दा र विश्वका धेरै देशहरू र सार्क राष्ट्रका नै धेरै मुलुकहरूले यस सम्बन्धमा उल्लेखनीय प्रगति हासिल गरिसकेको सन्दर्भमा नेपालमा यसको विस्तार र विकास अपेक्षित रूपमा ठीक हुन सकेन भन्ने सम्बन्धमा कारणहरू पहिचान गर्न सकेमा उपायको खोजीको मार्ग प्रशस्त हुने हुन्छ ।

अपेक्षित रूपमा उपलब्धि प्राप्त हुन किन सकेन ?

(१) अवधारणामा नीतिगत पक्षमा अस्पष्टता

खुला शिक्षाका सम्बन्धमा देहायबमोजिम पक्षमा स्पष्ट दृष्टिकोण आउन नसकेको देखिन्छ ।

- खुला शिक्षा साधारण शिक्षा कि प्राविधिक शिक्षासमेत ?
- औपचारिक पाठ्यक्रममा मात्र सीमित हुने कि अनौपचारिक शिक्षामा पनि ?
- उच्च शिक्षा मात्र कि विद्यालय तहको शिक्षामा पनि ?

यदि दशौं योजनाले लिपिबद्ध गरेअनुसार उच्च शिक्षामा मात्र केन्द्रित हुने हो भने देहाय बमोजिमका विकल्पहरूमध्ये कुन विकल्प छनौट गर्ने :

- एउटै मात्र खुला विश्वविद्यालय खोल्न पाउने ऐनको व्यवस्था र शाखा वा सम्पर्क केन्द्रहरूको व्यवस्था गरी स्थानीय स्वावलम्बन एवम् स्वयम्सेवी संस्थाहरूमार्फत् कार्यक्रम सञ्चालन गर्ने वा सरकारी निकायबाटै वा गैर सरकारी क्षेत्रबाट अथवा सरकारी, गैर सरकारी, निजी क्षेत्र र स्थानीय निकायको समन्वयात्मक प्रयासबाट ।
- वर्तमानका विश्वविद्यालयहरूअन्तर्गत खुला शिक्षा कार्यक्रमहरू विस्तार गरेर ।

- छुट्टै खुला विश्वविद्यालय शिक्षा ऐनको व्यवस्था गरी सो ऐनअन्तर्गत छुट्टै विश्वविद्यालय स्थापना गर्ने र आँगिक वा सम्बन्धन प्राप्त विश्वविद्यालयहरू विस्तार गर्ने ।

२. नागरिक दवाव र गैर सरकारी क्षेत्रको उदासिनता

सानो सरकार, छरितो सरकार, सरकारका सेवाका संयन्त्र होचा र साँगुरा हुनुपर्ने तथा सरकारको परिवर्तित मान्यताअनुसार सहजकर्ता, अनुगमनकर्ता सामाजिकीकरण गर्ने, सबलीकरण गर्ने, प्रवर्द्धनात्मक कार्य गर्न, उत्प्रेरकको काम गर्ने जस्ता भूमिका निर्वाह गर्नु पर्ने सन्दर्भमा सरकारको राष्ट्रिय अग्रसरताभन्दा अन्य क्षेत्रको पहलमा सरकारको सहयोगी र समन्वयकारी भूमिकाभन्दा भिन्न अपेक्षा गरिएको हुन्छ । तर जसरी विद्यालय र विश्वविद्यालयहरू खोल्न गैर सरकारी क्षेत्र उत्प्रेरित देखिएका छन् यस सम्बन्धमा माग र दवावको अनुभूति हुन सकेको छैन ।

३. लगानीमा समस्या

सरकारले प्राथमिक शिक्षालाई प्रथम प्राथमिकता र आधारभूत शिक्षाका रूपमा अर्थात् अधिकारकै रूपमा (Right base approach), माध्यमिक शिक्षालाई साझेदारिता (Cost sharing approach) र उच्च शिक्षालाई लागत अपूरण (Cost recovery approach) मा लाभान्वित गर्ने व्यवस्था गर्दा उच्च शिक्षामा स्वत: लगानी घट्न गएको छ । यस प्रकार खुला शिक्षालाई खुला विश्वविद्यालयअन्तर्गत व्यवस्थित गर्ने गरी अवधारणाको विकास हुँदै जानु तर उच्च शिक्षामा लगानी घट्दै जानाले स्रोतको स्थायी व्यवस्थापनमा अझ जटिलता हुँदै जाने सम्भावना देखिन्छ ।

४. राजनीतिक प्रतिबद्धता

राजनीतिक दलहरूका विचार, घोषणा पत्र, उनीहरूले उठाउने गरेका मुद्दाहरू तथा विद्वान तथा जानकारीवालाहरूको राजनीतिक दिशाबोध गर्ने विश्लेषणात्मक लेख र सुझावहरूसे समेत यस क्षेत्रमा अपेक्षित स्थान पाउन सकेको छैन ।

५. प्रविधि

खुला शिक्षाको प्रमुख आधार प्रविधिको प्रयोग र उपयोग हो । खुला शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग आवद्ध गराएर व्यवस्थित गर्नु पर्ने हुन्छ तथापि यस क्षेत्रमा अपेक्षित प्रगति नहुँदा खुला शिक्षाले गति लिन सकेको छैन ।

६. मानव संसाधन

खुला शिक्षाका बारेमा सतही लेख रचनाहरू देखिन्छन् तापनि यससम्बन्धी विशेषज्ञता प्राप्त प्रतिबद्ध व्यक्तित्वहरूको अभाव भएको अनुभूति सामान्य सन्दर्भ सामग्रीहरूको अध्ययनबाट पनि

अनुमान गर्न सकिने अवस्था छ । खुला शिक्षाका सम्बन्धमा आवश्यक पर्ने मानव संसाधन योजना, विकास, उपयोग र सामाजिकीकरण कुनै पक्षमा पनि संवेदनशीलता देखिएको छैन् ।

अब के गर्ने

नेपालमा खुला शिक्षाको विस्तार र विकासका सम्बन्धमा थुप्रै समस्याहरू देखिए । समावेशी शिक्षाका लागि शिक्षाको गुणस्तर कायम गर्नका लागि र पहुँच विस्तारका लागि आधुनिक एक्काइसौं सताब्दीमा खुला शिक्षा आवश्यक हो कि होइन भन्ने विषयमा छलफल गर्न आवश्यक छैन तापनि नेपालको सन्दर्भमा उपयोगी कसरी गराउन सकिन्छ र व्यवस्थापकीय पक्ष कसरी सुदृढ गर्ने भन्ने बारेमा छलफल र अन्तर्क्रियालाई व्यापक गराउनु पर्ने देखिन्छ । खुला शिक्षालाई शिक्षाको मूल प्रवाहमा कसरी व्यवस्थित गर्ने भन्ने सम्बन्धमा तृणमूमि तह (Grassroot level) देखि उच्च तहसम्म, पेसाकर्मीदेखि कृषक, व्यापारी र राजनीतिज्ञसम्म चरणबद्ध छलफलबाट मात्र दृष्टिकोणलाई नेपालको मौलिकतामोजिम स्पष्ट गर्न सकिने सम्भावना रहन्छ । देहायका बुँदाहरू छलफलका लागि मार्ग प्रशस्त गर्ने आधार हुन सक्छन् ।

खुला शिक्षाको व्यापक अवसरका क्षेत्रलाई कुनै तह (विश्वविद्यालय शिक्षा मात्र) विषय क्षेत्र (साधारण र प्राविधिक) वा अनौपचारिक क्षेत्रमा सीमित गर्न उपयुक्त देखिदैन । सम्भाव्य सबै शैक्षिक क्षेत्रको विकल्प होइन पूरकका रूपमा विकास गर्ने कुरामा स्पष्ट हुने र यसका लागि देहायबमोजिम गर्न सकिन्छ :

१. खुला विश्वविद्यालय प्रतिष्ठान सरकारको तर्फबाट ऐनमा नै व्यवस्था गरी स्थापना गर्ने ।

२. प्रतिष्ठानको प्रमुख पदाधिकारीहरूको चयन र व्यवस्थापनमा देहायबमोजिम गर्ने ।

- प्राज्ञिक कार्यदल गठन गर्ने पदाधिकारी चयन गर्ने पूर्ण जिम्मेवारी त्यही कार्यदललाई दिने ।
- कार्यदलले प्राविधिक, व्यवस्थापकीय, आर्थिक प्रस्तावनासहितको आवेदनको आव्हान गरी छनौटका प्रमुख आधार ती पक्षलाई बनाउने ।
- प्रत्येक क्षेत्रमा प्राप्त गरेको अङ्कलाई पारदर्शी रूपमा सरोकारवालासँग प्रस्तुत गर्ने ।
- प्रस्तावनामा उत्कृष्ट अङ्क प्राप्त गर्नेहरूबाट अनुभव, कार्यदक्षताका सम्भावना, दृष्टिकोण आदि पक्षका आधारमा छनोट प्रक्रिया अपनाउने ।

३. संस्थागत संरचनालाई देहायबमोजिम व्यवस्थित गर्ने

- सल्लाहकार सभा १५ देखि २० जनाको हुनुपर्ने जसमा भौगोलिक, जातजातिगत, भाषिक, लैङ्गिक, दलित, अपाङ्ग (विद्यार्थी, शिक्षक) राजनीतिज्ञ, कर्मचारी आदि क्षेत्रबाट संस्थागत स्थायी प्रतिष्ठित गराउने ।

४. प्रतिष्ठानको संरचना र पदाधिकार

प्रतिष्ठानका संरचना व्यवस्था देहायबमोजिम व्यवस्थित गर्ने




५. कार्यदिशा यसरी निर्दिष्ट गर्ने

- प्रतिष्ठानका प्रमुख कार्यकारीको भूमिका समन्वयकारी हुने । उनले ५० प्रतिशत समय स्रोत व्यवस्थापनका पक्षमा बिताउने गरी काम, कर्तव्य र अधिकार निश्चित गर्ने ।
- कार्यक्षेत्र विस्तार आवश्यकताका आधारमा संगठनलाई विस्तार गरी लग्ने ।
- भौतिक पक्ष, शिक्षक तथा प्रशिक्षक एवम् पाठ्यसामग्री (Reflective measure), शिक्षणसिकाइ क्रियाकलाप (Pedagogical measure) का लागि छुट्टै व्यवस्थाका साथै अन्य सरकारी र गैर सरकारी क्षेत्रको साधनलाई समेत उपयोग गर्ने नीति अवलम्बन गर्ने ।
- प्रतिष्ठानलाई शुरुमा सरकारी प्रयत्नमा स्थापना गर्ने क्रमश: स्वायत्त स्वआर्जन र व्यवस्थापन गर्ने संस्थाका रूपमा व्यवस्थापन गर्ने ।
- हालको शैक्षिक जनशक्ति विकास केन्द्र, पोखरा विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका अनुभवलाई समेत प्रतिष्ठानसँगको अवद्धता, समन्वय र सहयोगका बारेमा छलफल प्रारम्भ गर्ने ।
- सहस्राब्दी विकास लक्ष्य, सबैका लागि शिक्षा, शिक्षाका चार स्तम्भजस्ता अन्तर्राष्ट्रिय पक्षलाई र स्थानीय मौलिक ज्ञान, सीप र प्रविधिका पक्षलाई प्रगतिशील र सन्तुलित समन्वय गर्ने मूल उद्देश्य बनाई कार्य गर्नु पर्ने । यस प्रकारको प्रयासले स्रोतको स्थायीत्वमा पनि बल पुग्ने देखिन्छ ।

निष्कर्ष

सिकाइको क्षेत्र व्यापक गराउनु पर्ने कुरा समयको वाध्यात्मक उपज हो । सिकाइलाई व्यापक बनाउन र विद्यमान औपचारिक र अनौपचारिक शिक्षाका पक्षलाई खुला शिक्षाले चुनौती दिन सक्छ । खुला शिक्षाको विस्तारले ती क्षेत्रहरूमा समेत प्रतिष्पर्धात्मक अवस्थाको सिर्जना भई स्वभावत गुणस्तर कायम हुन पुग्छ । यसरी खुला शिक्षाले अप्रत्यक्ष रूपमा शिक्षाका अन्य क्षेत्रको पूरकको कामका साथसाथै सतर्कताको भूमिका निर्वाह गरेको हुन्छ । नेपालको सन्दर्भमा यसका वैशिष्ट्यहरूलाई सम्बोधन गर्न भनै उपयोगी हुने देखिन्छ । नेपालको जलवायु, पर्यटकीय विकासका सम्भावना, ऐतिहासिक धरोहर, सांस्कृतिक संवेदनशीलता जस्ता सकारात्मक पक्षलाई सम्बोधन गर्दै गरिबी निर्वाहमुखी कृषिमा आधारित जीवनशैली एकलकाँटे

(Nonopolistic) पम्परागत सोचाइ र भाग्यमा विश्वास तथा बहुसांस्कृतिक संवेदनशीलता जस्ता कमजोर पक्षलाई सम्बोधन गर्न उपयुक्त उपायका रूपमा यस पद्धतिलाई अवलम्बन गर्न सकेमा सुसंस्कृत संवृद्धशाली, प्रतिष्पर्धी र समतामूलक नेपाली समाजको विकास र स्थापना गर्न महत्त्वपूर्ण आधार प्रदान गर्नसक्ने देखिन्छ ।

यसका लागि आजसम्म हामीले प्राप्त र हैसियत बढाउन नसकेरै पछाडि पर्नाका कारणहरूको पहिचान गरी नयाँ सङ्ख्या जन्मनासाथ त्यसको नेतृत्वमा आउने विवादको संस्कृति सम्बन्धमा पूर्ववत नै सतर्कता अपनाउन सकेमा आरम्भको पक्ष राम्रो हुँदा भविष्य सकारात्मक हुँदै जाने कुराको अपेक्षा गर्न सकिन्छ । नयाँ स्थापना हुने खुला शिक्षा प्रतिष्ठानको अग्रसरता देखाउने संस्था वा व्यक्ति नभएकाले यो क्षेत्र पछाडि पर्न गएको हो भन्ने बौद्धिक व्यक्ति वा समूहले अबेर नगरी यसमा चासो देखाएका केही वर्ष मात्र संवेदनशीलताका साथ मिहेनत गर्दा आफ्नो ल्याकत र हैसियत देखाउने एवम् सामाजिक सत्कर्मसहितको व्यवसाय बन्न जानेछ ।

## सन्दर्भसामग्री


लामिछाने, श्रीराम (२००१) : प्रजातन्त्रको सुदृढीकरणका निम्ति अनौपचारिक शिक्षा, विकासका लागि शिक्षा, ६९- १०१ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५): उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५७ काठमाडौं ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) : राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ काठमाडौं ।

Khania, T.R. (2058 B.S.): Open University. Distance Education, pp.60-64.

Sarup, A. (1999): Deregulation of the system of higher education. Journal of Educational Planning and Administration, Vol XVI, pp131-136.

Malik, A.K. (2002): Management of University Resources, Journal of Educational Planning and Administration, Vol XVI, pp.523 – 536.

Khania, T.R (2004): The Concept of multi- university and quality of higher education, Paper presented at the seminar organized by Center for Education Innovation Nepal (CEDIN).

Upadhya, S (2061 B.S): Higher Education and its management. Distance Education, pp.116-126.

Lohani, S.R. (2054 B.S.): खुला विश्वविद्यालय अवधारणा र आवश्यकता विकासको निम्ति शिक्षा, 14-25.

HMG/ MOES/UNESCO (2003): Education for all – National plans of action- Nepal (2003-2015). Kathmandu, Author.

भट्टाचार्य, हृदयरत्न (2054 B.S.): उच्च शिक्षा र समसामयिक समस्याहरू, विकासको निम्ति शिक्षा, 5-131 ।

# बालअधिकारको सन्दर्भमा दूर शिक्षाको भूमिका

- खुवीराम अधिकारी*

## पृष्ठभूमि

बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि उनीहरूको इच्छा र चाहनाअनुसारका क्रियाकलापहरू गर्नु आवश्यक हुन्छ । गतिशील समाजमा उनीहरूलाई समायोजना हुन यस्ता क्रियाकलापहरूले सहयोग पुऱ्याउँछन् । त्यसैले यस्ता अवसरहरू विना भेदभाव सृजना गर्नुपर्दछ भन्ने आवाज र प्रयासहरू विश्वभरी नै टड्कारो रूपमा उठाउँदै आएका तथ्यहरू सार्वजनिक भइराखेका छन् ।

बालअधिकारसम्बन्धी अवधारणा सन् १९२३ मा नै शुरु भएको भनिए पनि सन् १९८९ नोभेम्बरमा मात्र संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा बालअधिकारसम्बन्धी महासन्धि (Convention on the right of the child) पारित भएपछि यस्ले वैधानिक मान्यता पाएको देखिन्छ । यस महासन्धिले बालअधिकार सम्बन्धमा परिवार तथा राज्यको दायित्वसमेत उल्लेख गऱ्यो । बालअधिकारसम्बन्धी महासन्धिमा विश्वका १९० राष्ट्रहरूले आफ्नो प्रतिवद्धता जाहेर गरिसकेका छन् । नेपालले पनि यस महासन्धिमा सन् १९९० को सेप्टेम्बर १४ मा प्रतिवद्धता जनाइसकेको छ । यसअनुरूप नेपालमा पनि बालबालिकाको हितसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## बालअधिकार र आधारभूत सिद्धान्त

प्रत्येक बालबालिकाले शिक्षा हासिल गर्न पाउनु उसको अधिकार हो । त्यसै गरी पोषणयुक्त खाना खान, लगाउन, बास बस्न, सुरक्षा, शिक्षा, उचित स्वास्थ्य र व्यवहार पाउने पनि उसको अधिकारमा पर्दछ । कुनै बालबालिकालाई जात, रङ, धर्म र अवसरका आधारमा भेदभाव गरी अवसरबाट बञ्चित गर्न हुँदैन । बालबालिकालाई शिक्षा प्राप्त गर्ने लगायत अन्य क्षेत्रका सुरक्षा गर्ने अधिकार प्राप्त गराइनु पर्दछ भन्ने मान्यताअनुरूप हरेक मुलुकले नीतिगत तहमा र कार्यक्रम कार्यान्वयन तहमा दिशाबोधका लागि दस्तावेजहरू कार्यान्वयनमा ल्याएका छन् ।

बालअधिकारसम्बन्धी महासन्धिले पारित गरेका अधिकार आधारभूत सिद्धान्तअन्तर्गत भेदभावरहित, बालबालिका सर्वोतमहित, दीर्घ जीवन र विकास तथा बालबालिकाका विचार र भावनाको कदर गरी चारतहमा वर्गीकरण गरिएको छ र त्यसैगरी बालअधिकार समूहमा बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकास गर्ने अधिकार र सहभागी हुने अधिकार गरी चार समूहमा विभाजन गरिएको छ ।

* प्राविधिक अधिकृत, शै.ज.वि.के., सानोठिमी ।

तलको चार्टबाट बालअधिकारका चार सिद्धान्त र चार समूहको प्रस्तुतिलाई राम्रोसँग बुझ्न सकिन्छ :




## शिक्षा र बालअधिकार

शिक्षा हासिल गर्न पाउनु बालअधिकार हो । बाँच्नका लागि चाहिने आधारभूत जीवनोपयोगी शिक्षा बालबालिकाले विनाभेदभाव प्राप्त गर्नुपर्दछ । हाम्रो गाउँ समुदायमा रहेका बालबालिकाहरूलाई खान, बस्न, लगाउन, शिक्षा, स्वास्थ, सुरक्षाजस्ता आधारभूत आवश्यकताको अभावले उनीहरूको व्यक्तित्व विकासमा बाधा पुग्नु हुँदैन ।

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणाले शिक्षाको अधिकारको प्रत्याभूति दिएर संयुक्त राष्ट्रसङ्घले नागरिक तथा राजनीतिक अधिकारका साथै सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूसमेतको प्रबर्द्धनको सुरुवात गरेको हो । यी अधिकारहरूलाई एक अर्काबाट छुट्याउन सकिँदैन । यसैले बालबालिकाहरूको आवश्यकतालाई आज उनीहरूको अधिकारका रूपमा स्विकार गरिएको छ । संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा २८ र २९ मा प्राथमिक शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउनुपर्ने, नियमकानुन बालबालिकाको अस्तित्वमा सम्मान राख्ने हुनुपर्ने, बालबालिकाहरूलाई समझदारी, शान्ति र

सहिष्णुताको भावना बढाउने र व्यक्तित्व विकास गर्ने खालको शिक्षा हुनुपर्ने जस्ता कुराहरू समावेश गरिएको छ । संयुक्त राष्ट्र सङ्घको महासभाद्वारा पारित महासन्धिको धारा २८ र २९ शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

### नेपालमा बालबालिकाको अवस्था

नेपालमा बालबालिकाको अवस्था सन्तोषजनक छैन । विशेष गरेर सुविधाविहीन समूह तथा गरिब परिवारका बालबालिकाहरूको अवस्था नाजुक रहेको छ । २०५८ को जनगणनाअनुसार नेपालमा बालबालिकाहरूको सङ्ख्याले कुल जनसङ्ख्याको ४३ प्रतिशत ओगटेको छ । नेपालको सन्दर्भमा बालबालिकाको अवस्थालाई निम्न तालिकाले स्पष्ट पार्न सहयोग गर्दछ ।

- जनसङ्ख्याको ४१ प्रतिशत १४ वर्षमुनिका बालबालिकाहरूका लागि एउटै मात्र राष्ट्रिय स्तरको बाल अस्पताल छ ।
- १,०४,०६६ बालबालिकाका लागि एकजना बाल विशेषज्ञको सुविधा छ ।

  कुल १०० जना बालबालिकामा
  - ५१ जना बालकहरू छन्
  - ४९ जना बालिकाहरू छन् ।
  - ८६ जना गाउँमा बस्छन् ।
  - १४ जना सहरमा बस्दछन् ।
  - ९० जनाले खोपाएका छन् ।
  - ४७ जना कुपोषणको सिकार भएका छन् ।
  - ८६ जना प्राथमिक तहमा भर्ना हुन्छन् ।
  - ५१ जनाले मात्र प्राथमिक तह पूरा गर्दछन् ।
  - ९० जना बालकहरू र ७८ जना बालिकाहरू प्राथमिक विद्यालयमा भर्ना हुन्छन् ।

### बालअधिकारसम्बन्धी विद्यमान समस्या, नीतिगत व्यवस्था र कार्यक्रमहरू

नेपालमा १६ वर्षभन्दा मुनिको उमेरकालाई बालकको रूपमा लिइएको छ । जसको जनसङ्ख्या करिब ४३ प्रतिशत रहेको छ । नेपालले बालबालिकाको सर्वोत्तम हितका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको छ भने ऐन कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । बालबालिकाको विकास तथा व्यवस्थापनका लागि बालबालिका मन्त्रालयको पनि स्थापना गरिएको छ । यति हुँदाहुँदै पनि नेपालमा बालबालिकाका सम्बन्धमा विविध किसिमका समस्या तथा चुनौतीहरू विद्यमान छन् ।

बालबालिकाको विकासका लागि बाधकको रूपमा रहेका समस्याहरूमा बालबालिकाहरूको ठूलो सङ्ख्या बालमजदुरका रूपमा कार्यरत रहनु, प्राथमिक तहको शिक्षा हासिल गर्ने उमेरका करिब १४ प्रतिशत बालबालिकाहरू विद्यालयबाहिर रहनु, विद्यालय ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, वास्तविक तथ्याङ्ककको अभाव रहनु, विशेष गरी पिछडिएको सङ्ख्या तथा समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहनु, चेलिबेटी बेचविखनमा प्रत्येक वर्ष बेचिने चेलीहरूमा करिब २० प्रतिशत बालिकाहरू नै रहनु, वर्तमान द्वन्द्वका कारण बालबालिकाहरूको शिक्षा हासिल गर्ने, सुरक्षित रूपमा बस्न पाउने अधिकार संरक्षण गर्न कठिनाई, बालबालिकाहरूको हितका लागि सञ्चालित कार्यक्रमहरू लक्षित समूहमा पुग्न नसक्नु, सरकारी तथा गैर सरकारी संस्थामार्फत् सञ्चालित कार्यक्रमहरूबीच समन्वयको अभाव रहनुजस्ता कुराहरू समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

### बालअधिकारको संरक्षणका लागि गरिएका प्रयासहरू

नेपालले बालअधिकारको संरक्षणका लागि उनीहरूको सर्वाङ्गीण विकास गर्न सहयोग पुग्ने विभिन्न प्रयासहरू गर्दै आएको छ । बालबालिकाको शिक्षा सम्बन्धमा सुरक्षा कार्यहरू गर्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयासहरू भएका छन् । नेपालले गरेका प्रयासहरूमध्ये महिला तथा बालबालिका मन्त्रालय स्थापना गरी बालबालिकासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्ने र लागू गर्ने व्यवस्था हुनु, बालबालिकाहरूलाई बालश्रमिकमा राख्न नपाइने व्यवस्था, बालश्रम ऐनको तर्जुमा गरी कार्यान्वयन, प्राथमिक तहको शिक्षा नि:शुल्क गर्ने व्यवस्था, बालबालिकाहरूको विद्यालयमा पहुँच पुऱ्याउन सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरी विद्यालय शिक्षालाई सर्वसुलभ बनाउनमा जोड दिइएको, पौष्टिक आहार कार्यक्रममार्फत् विद्यालयमा बालबालिकाहरूलाई पोषणयुक्त खानाको व्यवस्था, विभिन्न छात्रवृत्ति तथा छात्रावासको व्यवस्था, गरिब तथा पिछडिएको समुदायका बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम, बालबालिकाहरूको बेचबिखनविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन, बाल कार्यक्रम सञ्चालन गरी उनीहरूको सर्वाङ्गीण विकासमा जोड, बालबालिकाको उचित स्वास्थ्यका लागि भिटामिन ए क्याप्सुल, पोलियो उन्मूलनका लागि पोलियो थोपा खुवाउने कार्यक्रम सञ्चालन र विद्यालयमा छात्रवृत्तिको व्यवस्था जस्ता कार्यक्रमहरूलाई लिन सकिन्छ ।

### बालअधिकार सम्बन्धमा नेपाल सरकारले दसौं योजनामा गरेको प्रतिबद्धता

#### उद्देश्य

बालअधिकारको विकास र संरक्षणको सन्दर्भमा दसौंयोजनाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र मनोवैज्ञानिक विकासको अधिकारलाई सुनिश्चित गर्दै शोषण र भेदभावबाट सुरक्षित गरी बालअधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ भन्ने उद्देश्य लिइएको छ ।

#### क्षेत्रगत समष्टिगत मुख्य मुख्य लक्ष्यहरू

बालअधिकारको संरक्षण तथा बालबालिकाको सर्वाङ्गीण विकासका लागि दसौं योजनाले बालअधिकार सापेक्ष कानूनी व्यवस्था गर्ने र संस्थागत विकास र संरचनालाई सुदृढीकरण गर्ने, सरकारी, स्थानीय

निकायहरू, गैर सरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रलाई बालअधिकारमुखी कार्यक्रम सञ्चालन गर्न उन्मुख गराउने, निकृष्ट बालश्रम उन्मूलन गर्ने, शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने साथै पोषण स्थिति सुधार गर्ने, करिब ८० प्रतिशत बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने, बालअधिकार तथा बालविकास अभिवृद्धिका सन्दर्भमा बाल सहभागिता वृद्धि गर्ने जस्ता लक्ष्यहरू लिइएको छ । यी लक्ष्यहरू पूरा गर्न सकेमा अवश्य पनि बालबालिकाको विकासमा सहयोग पुग्ने देखिन्छ । यी लक्ष्यहरू हासिल गर्नका लागि अधिकारमुखी अवधारणामा बालअधिकारलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउने, बालश्रम हटाउने र कठिन तथा हिंसात्मक गतिविधिबाट प्रभावित बालबालिकालाई पुनर्स्थापना गरी उनीहरूको अधिकार सुदृढ गर्ने, बालअधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने जस्ता रणनीतिहरू लिई कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### नीति तथा कार्यनीतिहरू

बालबालिकाको अधिकारको संरक्षण तथा सर्वाङ्गीण विकासका सन्दर्भमा लिइएका लक्ष्यहरू हासिल गर्न दसौं योजनामा विभिन्न नीति तथा कार्यनीतिहरू लिइएको छ । बालअधिकारको मूल प्रवाहीकरण, बालअधिकार सापेक्ष कानूनी व्यवस्था स्थापना गर्ने, कानूनी संरचनाको विकासका साथै बालबालिकालाई यौन शोषण, बेचविखन र दुर्व्यवहार एवम् हिंसात्मक गतिविधिको मारबाट बचाउन तथा त्यस्ता गतिविधिमा समावेश हुन नदिने वातावरणको सिर्जना गर्ने, बालअधिकार संरक्षण तथा विकासका सबै चरणमा बाल सहभागिता संस्थागत रूपमा अभिवृद्धि गर्ने, अपाङ्ग एवम् दलित वर्गका बालबालिकाहरूको शिक्षा निःशुल्क गर्ने र अपाङ्गहरूका निम्ति विशेष शिक्षालाई प्रभावकारी एवम् विस्तार गर्ने, केन्द्रीय र जिल्ला बाल कल्याण समितिलाई सुदृढ गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास समुदाय एवम् नागरिक समाजसँग बालअधिकार तथा विकास कार्यका लागि साझेदारी पद्धति अपनाउने, बालश्रम हटाउने, निकृष्ट बालश्रमलाई योजना अवधिमा उन्मूलन गर्नुका साथै अन्य प्रकारका श्रमहरूलाई उन्मूलन गरिदै लैजाने र बाल यौन शोषण, दुर्व्यवहार, बेचविखन तथा ओसारपसार कार्यलाई प्रतिकारात्मक, प्रबर्द्धनात्मक तथा पुनर्स्थापनात्मक उपाय अपनाई रोकथाम तथा नियन्त्रण गर्ने, कठिन परिस्थितिका बालबालिकाहरू तथा आतंककारी गतिविधिबाट प्रभावित भई विस्थापित बालबालिकाहरूलाई समुदायमा आधारित पुनर्स्थापना गर्ने । यसका लागि दातृ समुदाय, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजलाई परिचालन गर्ने, बालअधिकार सम्वर्द्धनमा चेतना अभिवृद्धि, गैरसरकारी संस्था, सामुदायिक संस्था तथा नागरिक समाजसमेतको संलग्नतामा बालअधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । यस्तो कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको विचार र सहभागितालाई प्रोत्साहन गर्ने जस्ता रणनीति लिने प्रतिवद्धता जाहेर गरेको छ ।

### कार्यक्रमहरू

बालबालिकाको चौतर्फी विकासका लागि लिइएका उद्देश्य तथा लक्ष्यहरू प्राप्तिका लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने निधो दसौं योजनामा गरेको छ । तीमध्ये अपाङ्गसम्बन्धी ऐन कानून

संशोधन गर्ने, बालअधिकारलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने, बालअधिकार सापेक्ष कानूनी व्यवस्था स्थापना गर्ने, बालबालिकालाई यौन शोषण, बेचविखन र दुर्व्यवहारबाट बचाउन तथा युद्धको मारबाट बचाउन र त्यस्ता युद्धमा समावेश हुन नदिन ऐन कानून निर्माण एवम् सुधार गर्न समिति गठन गरी आवश्यक कार्य गर्ने, अन्तर्राष्ट्रिय स्तरमा दर्शाएका प्रतिबद्धता कार्यान्वयन गर्न राष्ट्रिय कार्ययोजना तयार गर्ने, निकृष्ट बालश्रमलाई योजना अवधिमा उन्मूलन गर्ने साथै अन्य प्रकारका श्रमहरूलाई उन्मूलन गर्न अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गर्ने, जन्म दर्ता बढाउन र बाल विवाह नियन्त्रण गर्न आवश्यक पहल गर्ने, बाल यौन शोषण, दुर्व्यवहार, बेचविखन तथा ओसारपसार कार्यलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा पुनर्स्थापनात्मक कार्यका लागि पहल गर्ने एवम् प्रचार गर्ने, कठिन परिस्थितिका बालबालिकाहरू तथा आतंक गतिविधिबाट प्रभावित बालबालिकाहरूलाई समुदायमा आधारित पुनर्स्थापना गरी आधारभूत शिक्षा, स्वास्थ्यको सुविधा उपलब्ध गराउने । यसका लागि दातृ समुदाय, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजसँग सहकार्य गर्ने, बालअधिकारसम्बन्धी चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने र यस्ता कार्यक्रममा बालबालिकाको सहभागिता बढाउने, अपाङ्ग बालबालिकाका लागि शिक्षा निशुल्क गर्ने र विशेष शिक्षालाई प्रभावकारी बनाउन र विस्तार गर्न पहल गर्ने, राष्ट्रिय स्रोतकेन्द्र स्थापना गर्ने, पाँचै विकास क्षेत्रमा एक एकओटा पुनर्स्थापना गृह सञ्चालन गर्ने, केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिलाई क्रमशः साधन र स्रोतबाट सम्पन्न गर्ने, नेपाल बाल संगठन र गैर सरकारी संस्थालाई बाल विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न अनुदान दिने ।

## बालअधिकारको संरक्षणका सन्दर्भमा दूर तथा खुला सिकाइको भूमिका

दूर तथा खुला सिकाइ कार्यक्रम आज विश्वव्यापीरूपमा वैकल्पिक माध्यमका रूपमा विकसित भएको प्रणाली हो । विद्यालय तहदेखि उच्च तहको शिक्षासम्म त्यसैगरी साधारण शिक्षादेखि प्राविधिक शिक्षासमेत दूर तथा खुला सिकाइमार्फत् सञ्चालन गर्ने कार्य विकसित तथा विकासोन्मुख देशहरूले अंगाल्दै आएका छन् । विश्वव्यापी रूपमा यस प्रणालीको माग बढिरहेको छ । भौगोलिक विषमता भएको मुलुकका लागि त यसको महत्त्व अझ बढी रहन्छ । दूर तथा खुला सिकाइमार्फत् औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक तथा निरन्तर शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रमहरू पनि उत्तिकै प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । नेपालमा विद्यालय तहमा कार्यरत शिक्षकहरूका लागि शिक्षक तालिम सञ्चालन एक वर्षे वि.एड. कार्यक्रमका अतिरिक्त वैदेशिक विश्वविद्यालयमार्फत् सम्बन्धन लिएर प्राज्ञिक तथा तालिमसँग सम्बन्धित कार्यालयहरू सञ्चालन गरिँदै आएको छ ।

बालअधिकारको संरक्षण तथा उनीहरूको सर्वाधिक विकास आज देशको प्राथमिकता प्राप्त कार्य भएकोले विभिन्न क्षेत्रहरूबाट सहयोग हुनु जरुरी हुन्छ । बालबालिकाको विकास तथा अधिकारको संरक्षणमा दूर तथा खुला सिकाइको भूमिकालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

(१) बालअधिकारको सन्दर्भमा चेतना जागृत गर्न

दूर तथा खुला सिकाइअन्तर्गत आम सञ्चारका साधनहरूमार्फत् देशको कुनाकुनासम्म आम जनसमुदायमा बालअधिकार भनेको के हो ? बालबालिकाको सर्वोत्तम हितका लागि परिवार तथा समाजको दायित्व के हो ? यसका लागि केकस्ता कार्यहरू सञ्चालन भइरहेका छन् भन्ने बारेमा प्रचार प्रसार गर्ने । यसका लागि विभिन्न किसिमका पोष्टर तथा पम्पलेटहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

(२) बालअधिकारको संरक्षणका लागि भएका प्रयासहरूको जानकारी गराउने

बालबालिकाको हित तथा बालअधिकारको संरक्षणका लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिएका कार्यक्रमहरू रेडियो तथा टेलिभिजनमार्फत् प्रचार प्रसारण गरी सर्वसाधारणलाई जानकारी गराउन यो सिकाइ प्रभावकारी रहन्छ । यसबाट लक्षित समूहसम्म कार्यक्रम पुऱ्याउन तथा प्रभावकारी बनाउन सहयोग पुग्दछ ।

(३) खुला विद्यालयको स्थापना गरी शिक्षाको पहुँच पुऱ्याउन

विद्यालय शिक्षाबाट बाहिर रहेका बालबालिकाहरूलाई खुला विद्यालय स्थापना गरी दूर शिक्षा तथा खुला सिकाइको माध्यमबाट घरमै बसेर तथा आफू कार्य गर्ने स्थानमा बसेर शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न सकिन्छ । विशेष गरेर पिछडिएको समुदायमा गरिब परिवारका बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्न यो वैकल्पिक माध्यमका रूपमा प्रभावकारी हुन्छ । यसका लागि राज्यले विशेष अनुदान दिनु पर्दछ । जसबाट बालबालिकाले शिक्षा हासिल गर्ने अवसर प्राप्त गर्दछन् भने राज्यलाई सबैका लागि शिक्षा दिने प्रतिबद्धता पूरा गर्न सहयोग पुग्दछ ।

(४) अनौपचारिक तथा निरन्तर शिक्षा प्रदान गर्न

बालबालिकाहरूका लागि उमेरअनुसार विभिन्न किसिमका सीपमूलक तालिम तथा अन्य जीवन उपयोगी सीपका लागि विभिन्न कार्यक्रमहरू प्रसारण गरी उनीहरूलाई आफू बसेको स्थानमा नै व्यक्तित्व विकासमा अवसर प्रदान गर्न सकिन्छ ।

(५) बालबालिकाहरूको खेल्ने तथा मनोरन्जनात्मक कार्यक्रमहरू प्रसारण गर्न

रेडियो तथा टेलिभिजनमार्फत् खेल तथा मनोरन्जनका कार्यक्रमहरू प्रसारण गरी उनीहरूको खेल्ने र मनोरन्जन गर्न पाउने अधिकारको संरक्षण गर्न सकिन्छ । बालबालिकाहरूका लागि विभिन्न किसिमका बौद्धिक विकास हुने खालका च्यानलहरू प्रसारण गरी उनीहरूको अधिकारको संरक्षण गर्ने उपयुक्त माध्यम दूर तथा खुला सिकाइलाई बनाउन सकिन्छ ।

(६) जनशक्ति विकास गर्ने

बालबालिकासँग सम्बन्धित सङ्घसंस्थाहरूका जनशक्तिहरूलाई आफ्नै संस्थामा बसेर आवश्यक ज्ञान तथा सीप हासिल गर्ने अवसर प्रदान गर्ने । यस क्षेत्रमा जनशक्ति विकास गर्न दूर तथा खुला सिकाइ एक प्रभावकारी माध्यम बनाउन सकिन्छ ।

(७) विद्यालयमा कार्यरत शिक्षकहरूका लागि अभिमुखीकरण गर्ने

शिक्षकहरूका लागि विभिन्न माध्यमबाट निरन्तर रूपमा बालअधिकारसम्बन्धी ज्ञान तथा सीप हासिल गराउन सहयोग हुने खालका सामग्री प्रसारण गर्ने । आफू कार्यरत विद्यालयमा बसेर नै यस सम्बन्धमा अभिमुखीकरण गर्ने कार्यका लागि दूर तथा खुला सिकाइको प्रभावकारी भूमिका रहन्छ ।

(८) हिंसारहित शिक्षणका लागि कार्यक्रम सञ्चालन गर्ने

विद्यालयमा शिक्षणसिकाइमा हुने हिंसा विरुद्ध शिक्षक व्यवस्थापन तथा अभिभावकलाई जागृत गराई "Teaching without beating" को भावनाअनुसारको शिक्षणसिकाइ वातावरण तयार गर्नका लागि आवश्यक पर्ने ज्ञान तथा सीप प्रदान गर्ने एक सशक्त माध्यमका रूपमा दूर शिक्षा तथा खुला सिकाइलाई लिन सकिन्छ ।

## निष्कर्ष

बाल्यकाल सम्वेदनशील अवस्था हो । भोलिका विकासका संवाहक आजका बालबालिकाहरू नै भएकोले उनीहरूको सर्वाङ्गीण विकास गर्नु नै बालअधिकारको संरक्षण गर्नु हो । बालअधिकारका लागि लक्षित कार्यक्रमहरू उनीहरूको सर्वोत्तम हितका लागि अनुकूल हुने गरी सञ्चालन गर्नुपर्दछ । संयुक्त राष्ट्र सङ्घको महासभामा पारित बालअधिकारको संरक्षण गर्नका लागि विद्यमान ऐन कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आजको आवश्यकता हो । बालअधिकारको संरक्षणका लागि दूर तथा खुला सिकाइका माध्यमहरूलाई उपयोग गरी बालबालिकाको विकास तथा बालअधिकारको संरक्षण गर्नु प्रत्येक व्यक्ति, परिवार, नागरिक समाज तथा राज्यको दायित्व हो ।

## सन्दर्भसामग्री


सिविन, (२०६० वि.सं.) : बालअधिकार महासन्धि, नेपाल ।

धिताल, तारा, (२०६२) : बालसुलभ विद्यालय, सिविन, नेपाल ।

दसौंयोजना, (२०५९-६४) : राष्ट्रिय योजना आयोग ।

राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाको लेख ।

शै.ज.वि.के. (२०६२) :स्वाध्ययन सामग्री, सामाजिक अध्ययन शिक्षण माध्यमिक शिक्षक तालिम दोस्रो मोडुल ।

# वैज्ञानिक र प्राविधिक साक्षरता (STL) को अभिवृद्धिमा दूर शिक्षाको भूमिका

- बौधराज निरौला*

## परिवेश

लेखपढ गर्न जान्ने र दैनिक जीवनमा आइपर्ने साधारण गणितीय समस्या समाधान गर्नसक्ने व्यक्तिलाई साक्षर भनिन्छ । मान्छे साक्षर भएपछि जीवनयापन सजिलो हुन्छ भन्ने मान्यता अब क्रमशः बदलिँदै छ । एकातिर साक्षरताको अर्थ जीवनयापन गर्नसक्ने सीपसँग जोडिन थालेको छ भने अर्कोतर्फ बदलिंदो परिस्थितिमा मान्छेले समाजमा सहज तरिकाले जीउनका लागि अक्षर चिन्न र जोड घटाउ गर्नका अतिरिक्त वैज्ञानिक र प्राविधिक साक्षरता (Scientific and Technological Literacy, STL), अन्तरिक्ष साक्षरता (Space Literacy), सूचना तथा सञ्चार प्रविधि साक्षरता (Information and Communication Technology Literacy) र श्रव्यदृश्य साक्षरता (Visual Literacy) हासिल गर्न अति आवश्यक भइसकेको छ ।

यस लेखमा उल्लिखित साक्षरतामध्ये विज्ञान र प्रविधि साक्षरताका बारेमा मात्र चर्चा गरिएको छ । हाम्रो देशको विद्यालय तहको पाठ्यक्रमले कक्षा एकदेखि नै विज्ञान विषयलाई अनिवार्य गरेको भए तापनि हाम्रा विद्यालयहरूबाट उत्पादित जनशक्तिले विज्ञानलाई आत्मसात गरी व्यवहारमा प्रयोग गरेको कम मात्रामा पाइन्छ । जबसम्म मान्छेले विज्ञान तथा प्रविधिलाई व्यवहारमा प्रयोग गर्न सक्तैन र यसका गुण र दोषलाई पहिल्याएर प्रविधिलाई उचित प्रयोग गर्न सक्तैन तबसम्म विज्ञानका जतिसुकै पुस्तक पढे पनि र जुनसुकै डिग्री हासिल गरे पनि उक्त मानिसलाई वैज्ञानिक र प्राविधिक साक्षर मान्न सकिँदैन । विज्ञानका विद्यार्थीहरू नै साक्षर हुन् वा होइनन् भन्ने प्रश्न अहिले जताततै उठिरहेको छ । यो समस्या पूर्वीय र पाश्चात्य समाजमा उत्तिकै विकराल रूपमा खट्किएको हुनाले १९९० को सबैका लागि शिक्षाको जोम्तिन सम्मेलनपछि यो शब्द (विज्ञान र प्राविधिक साक्षरता) को विजारोपण भएको हो । सन् १९९८ पछि नेपालमा पनि वैज्ञानिक र प्राविधिक साक्षरताका विभिन्न अभियानहरू सञ्चालन गरिए । परिणाम स्वरूप आजको दिनसम्म आइपुग्दा यो अभियान शिक्षक तालिममार्फत् शिक्षक विद्यार्थी हुँदै अभिभावकसम्मको यात्रा शुरु गरिसकेको छ ।

## STL के हो ?

STL को अर्थ बुझ्नका लागि STL लाई टुक्र्याएर S, T र L को अर्थ छुट्टाछुट्टै रूपमा बुझ्नु पर्ने हुन्छ । STL को अभियानलाई विश्वभरि फैलाउन लागिपरेको अन्तर्राष्ट्रिय संस्था UNESCO ले S, T र L को अर्थ यसरी लगाएको छ ।

---

*प्राविधिक अधिकृत, शै.ज.वि.के., सानोठिमी ।

S - Scientific (वैज्ञानिक) : विश्वमा विभिन्न घटनाहरू किन घट्छन् ? कुनै घटनाको पछि विज्ञानका के कस्ता धारणाहरू लुकेका छन् भनी बुझ्न खोज्ने प्रवृत्ति नै वैज्ञानिक (Scientific) प्रवृत्ति हो ।

T – Technological (प्राविधिक) : वैज्ञानिक ज्ञानको प्रयोग गरी निर्माण गरिएका सामग्रीहरू कसरी निर्माण गरिएका छन् र यिनीहरूले कसरी कार्य गर्दछन् भनेर प्रक्रिया अर्थात् कसरीको जवाफ खोज्नु नै प्राविधिक (Technological) विषयवस्तु हो ।

L – Literacy (साक्षरता) : विज्ञान र प्रविधिको ज्ञान छैन भने दैनिक जीवनयापनका सिलसिलामा प्रयोगमा आउने सामग्रीहरू सञ्चालन गर्न तथा परिवार तथा समाजमा घटेका विभिन्न घटना तथा समस्याहरूको समाधानका लागि उपयुक्त निर्णय दिन सकिदैन । विज्ञान र प्रविधिको पढाइले उपयुक्त सामाजिक मूल्यमान्यताहरूको कदर गर्दै व्यक्तिगत चाहना र जिम्मेवारीहरू पूरा गर्न परिवर्तित सन्दर्भमा आउन सक्ने चुनौतीहरू सामना गर्न सक्नु नै साक्षरता (Literacy) हो ।

समग्रमा भन्ने हो भने विज्ञानको ज्ञानलाई रचनात्मक ढङ्गले उपयोग गरी दैनिक जीवनमा आइपर्ने समस्याहरूको समाधान गर्नु, निर्णय गर्न र व्यक्तिको जीवनस्तर उकास्न सक्ने क्षमताको विकास गर्नु नै वास्तविक अर्थमा STL हो । यदि त्यसो हो भने कस्तो मानिसलाई वैज्ञानिक र प्राविधिक साक्षर भन्ने त ? कुनै व्यक्तिले ऊ आफू वैज्ञानिक र प्राविधिक साक्षर हो वा होइन भनी छुट्याउने आधार के हो ? यस प्रश्नको उत्तर खोज्न UNESCO ले निर्माण गरेको The Training of Trainers Manual for Promoting Scientific and Technological Literacy for all पल्टाउनु पर्ने हुन्छ । जसको जवाफ यस्तो छ । वैज्ञानिक तथा प्राविधिक साक्षर त्यो व्यक्ति हो जसले,

- विज्ञानले समाजमा खेलेको भूमिका बुझ्दछ, सांस्कृतिक मूल्य मान्यताहरूको सराहना गर्छ र वैज्ञानिक आविष्कारहरूको प्रक्रिया र धारणा जान्दछ ।
- विज्ञान र समाज, नीतिशास्त्र, विज्ञानको प्रकृति लगायत विज्ञानका आधारभूत धारणा र विज्ञान र मानवताबीचको अन्तरसम्बन्ध बुझ्दछ ।
- मानवतावादी ढङ्गले विज्ञानको भूमिकालाई सराहना गर्छ र विज्ञानका बारेमा पढ्दा वा अप्राविधिक स्तरमा अन्य व्यक्तिहरूसँग कुराकानी गर्दा आफूलाई सहज भएको महसुस गर्दछ ।
- घटना र सामग्रीहरूका बारेमा जान्न किन र कसरी भनी सधै उत्सुक हुन्छ । वैज्ञानिकहरूले समय र घटनाहरूका बारेमा गराएको ध्यानाकर्षण सुन्न र पढ्न चाख लिन्छ ।
- कुनै नयाँ वैज्ञानिक सोच तथा विचार दिन नसके तापनि वैज्ञानिक चिन्तन बोकेका विचारहरूसँग परिचित हुन्छ ।

**STL किन ?**

विज्ञान भन्नेवित्तिकै यो कठिन विषयवस्तु हो भन्ने मान्यता संसारभरि नै स्थापित भइसकेको छ । कुनै पनि विषय सजिलो वा अप्ठ्यारो हुँदैन । सजिलो वा अप्ठ्यारो भन्ने कुरा प्रस्तुतीकरणमा भर पर्दछ । त्यसो त

विज्ञानका कतिपय Terminology, सूत्र र समीकरणहरू हुबहु कण्ठ गर्नुपर्ने र विद्यालय तथा विश्वविद्यालय तहमा विज्ञान शिक्षण गर्न प्रयोग गरिने शिक्षण विधिहरू विद्यार्थी केन्द्रितभन्दा शिक्षक केन्द्रित भएको कारणले पनि विज्ञान कठिन हुन्छ भन्ने मान्यता जगाउन सहयोग पुगेको छ । अविकसित तथा विकासोन्मुख देशहरूमा जागिर पाइने लोभले विज्ञानको पढाइमा विद्यार्थीको चाप खासै घटेको नपाइए तापनि विकसित देशहरूमा विज्ञान र प्रविधि अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या दिनानुदिन घट्दैछ । स्रोत साधन सम्पन्न देशहरूमा विज्ञानका कक्षाहरू खाली हुनु भनेको निश्चय पनि भविष्यका लागि शुभ सङ्केत होइन ।

विज्ञान शिक्षा एकातिर संकट पर्ने स्थितिमा पुगेको छ भने अर्कोतर्फ विद्यालय तहमा विज्ञान प्रविधि शिक्षा (Science and Technology Education) का विषयहरू जस्तै विज्ञान, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण, गणित, कम्प्युटर विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा आदिले दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरूलाई समाधान गर्न सहयोग पुऱ्याएको छैन । एकातिर प्रविधिको विकास चरमचुलीमा पुगेर त्यसको प्रत्यक्ष प्रभाव समाजका प्रत्येक सदस्यलाई पर्न थाल्यो भने अर्कोतिर त्यही प्रविधिले आविष्कार गरेका सामग्रीहरूको सञ्चालन र सदुपयोग गर्न धौ धौ परिरहेछ । टेलिफोन, विजुली, कम्प्यूटर, टेलिभिजन, वासिङ मेसिन, रेडियो, फ्रिज, हिटर, आइरन इमेल, इन्टरनेट आदि परिवारको अपरिहार्य आवश्यकता भइसकेको वर्तमान परिप्रेक्ष्यमा ती सामग्रीहरूमा सामान्य गड्बढी हुँदा पनि त्यसको मर्मत संभार गर्ने ज्ञान विद्यालयीय शिक्षाले दिएको छैन । त्यसैले विज्ञान लोकप्रिय हुँदाहुँदै पनि आकर्षक बन्न सकेको छैन ।

